का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ फागुन २०७८,
आइतबार
13 March 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ३६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## चुनावी राजनीति

# दुई किनारमा देउवा–ओली

आगामी स्थानीय तहको चुनावमा दुई कित्ताबीच प्रतिस्पर्धा हुने भएको छ । एउटा कित्ताको नेतृत्व कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले गरेका छन् । अर्को कित्ताको नेतृत्वमा छन् एमाले अध्यक्ष केपी शर्मा ओली ।



एउटा पोलको लिड एमालेले गर्ने अर्को पोलको गठबन्धनले । यसरी राष्ट्रिय राजनीति दुई ध्रुवमा विभाजित हुनु दुर्भाग्यपूर्ण छ

**ईश्वर पोखरेल**
वरिष्ठ उपाध्यक्ष, नेकपा एमाले



'आउँदो चुनाव लोकतन्त्र पक्षधर र लोकतन्त्र विरोधीहरु बीचको प्रतिस्पर्धा हो । एउटा कित्तामा देउवा हुनुहुन्छ अर्को कित्तामा ओली'

**कृष्णप्रसाद पौडेल**
नेता, नेपाली कांग्रेस



'ओली देउवा भन्दा नियन्त्रित शासन व्यवस्थाका पक्षधर हुन् । कसले जित्छ मुलुक त्यतै उन्मुख हुन्छ'

**विष्णु दाहाल**
राजनीतिक विश्लेषक




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ फागुन ।

स्थानीय तहको चुनाव आउन ६१ दिन बाँकी छ । मुख्य राजनीतिक दलहरु नजिकिँदो चुनाव केन्द्रित दौडाहाामा छन् । नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरुको देश दौडाहा शुरु भएको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आफैं देश दौडाहामा छन् । नेपाली कांग्रेसले भने दोस्रो र तेस्रो तहका नेताहरुलाई खटाएको छ ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी पनि चुनाव केन्द्रित भएका छन् । तर, चुनावको मुख्य दौडमा भने नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा हुने देखिन्छ । नेताहरुको भाषण पनि त्यस्तै आइरहेका छन् ।

नेपाली कांग्रेस र सभापति शेरबहादुर देउवाको विरोध गर्न केही नपाएपछि एमाले अध्यक्ष ओली मतपत्रमा प्रयोग हुने रङमा प्रश्न उठाइरहेका छन् । कांग्रेसलाई भने एमालेविरुद्ध खनिने एजेण्डाको ओइरो नै छ । दुई दुई पटक संसद विघटन गरेर मुलुकलाई अस्थिरतामा धकेलेको विषय नै कांग्रेसलाई पर्याप्त छ ।

केपी ओलीले शनिबार मात्रै देशका विभिन्न भूभागमा पुगेर झण्डै आधा दर्जन बढी भेटघाट र कार्यक्रमलाई सम्बोधन गर्न भ्याए । वीरगञ्जका मेयरलाई एमाले प्रवेश गराए । बारामा गएर कार्यकर्तालाई सम्बोधन गरे । काठमाडौं फर्किएर निजामती कर्मचारीहरुको कार्यक्रमलाई सम्बोधन गरे । जहाँ जहाँ गए त्यहाँ भाषण गरे, भाषणमा कांग्रेस र गठबन्धन सरकारको आलोचना गरे । गठबन्धनले प्रतिनिधिसभालाई चल्न नदिएको आरोप लगाए । संसद भत्ता खाने थलो जस्तो मात्रै भएको टिप्पणी गरे । तर, विगत ६ महिनादेखि संसदमा अवरोध गर्ने भनेका एमालेका सांसदहरु नै हुन् ।

कांग्रेस पनि के कम ? चुनाव जित्न ओली नेतृत्वको सरकारको कामकारबाहीलाई भण्डाफोर गर्दै हिँड्न थालेको छ । आइतबारदेखि घरदैलोका लागि कांग्रेसले खटाएका केन्द्रीय प्रतिनिधि एक महिने अभियान लिएर गाउँ गाउँ खटिएका छन् ।

कांग्रेस नेता कृष्णप्रसाद पौडेलका अनुसार ७७ जिल्लामा केन्द्रीय प्रतिनिधि खटिएका छन् । उनी भन्छन्, 'आगामी निर्वाचन लोकतन्त्र पक्षधर र लोकतन्त्र मास्न खोज्नेहरुको बीचको प्रतिस्पर्धा हो । यसको एउटा कित्तामा देउवा हुनुहुन्छ अर्को कित्तामा ओली ।'


नेकपा एमालेका महासचिव शंकर पोखरेल पनि आगामी चुनाव एमाले र कांग्रेसबीचकै प्रतिस्पर्धा भएको बताउँछन् । तर, प्रतिनिधिसभा विघटनलाई प्रतिगमन भनेर गरिएको प्रचारलाई गलत सावित गर्ने अवसर भएको र सोही अनुसार एमालेले जनादेश प्राप्त गर्ने उनको विश्वास छ ।

'प्रतिस्पर्धा कांग्रेससितै हो । हामीले सोही अनुसार आफुलाई तयारी गर्नुपर्नेछ' महासचिव पोखरेलले शनिबार कास्कीको पोखरामा कार्यकर्तालाई प्रशिक्षण दिँदै भने ।

– बाँकी पृष्ठ २ मा

## ओलीको बोलीमा

# 'असभ्यताको हद'



"तथ्यतथ्यांकमा टेकेर भन्दा मनगढन्ते अभिव्यक्तिका कारण अध्यक्ष ओली मजाकको पात्र बनिरहेका छन् । ओलीको मजाकलाई अन्य दलका नेताहरुले भोट पाउने 'टुल्स' बनाइरहेका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २६ फागुन

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिलाई मजाक र आलोचनाको विषय बनाइनु नौलो भने होइन, किनभने उनका हरेक अभिव्यक्तिमा उखान टुक्का र अन्य व्यक्तिहरुलाई बढी नै घोचपेच गरेका हुन्छन् । त्यस्तै, पछिल्लो समयमा पनि उनका भाषण आक्रामक शैलीमा आउन थालेका छन् ।

बिहीबार प्रेस चौतारी नेपालको भेलालाई सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले सर्वोच्च अदालतमा कसैले नपत्याउने गोरु ब्याएको टिप्पणी गरे । उनले भनेका थिए, 'नभएको अधिकार प्रयोग भएको छ अदालतबाट । तर नेपालमा एकपल्ट एक जनाले भनेका थिए-गोरु ब्याउँदैन भन्थे नेपालको सर्वोच्च अदालतमा ब्यायो । मैले उहिल्यै ०५२ सालमा भनेको थिएँ । अहिले गोरु ब्याएन मात्रै होइन ५ वटा बाच्छा पायो ।'

उनले आफ्नो सरकार ढाल्नका लागि अमेरिकाबाटै ईमेल आएको पनि बताए । कार्यक्रमकै सम्बोधनका क्रममा अध्यक्ष ओलीले 'हामीसँग दुई तिहाइको सरकार थियो, प्रचण्ड र माधव नेपाललाई दशा लाग्यो, हेर्नुस् त,' उनले भने, 'कताको जंगे, कताको बुंगे, बुद्धि बिग्रिएपछि त्यो हुन्छ, तपाईंहरूले त्यसरी बुद्धि बिगार्न हुँदैन ।' त्यस्तै, शनिबार एमाले निकट कर्मचारी संगठनको कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले प्रचण्ड-माधवलाई मुला उखेलेझैं उखेलेर चुनावमा फालिदिने बताएका छन् ।

'यिनीहरु चुनावबाट भाग्न खोज्दैछन्, भागेर कहाँ जान्छौं ? चुनाव त गराउनैपर्छ । त्यहीबेला हामी जनताको अभिमतबाट उखेलेर मिल्काइदिन्छौं । परमादेशबाट एमालेलाई हटाइयो, अब रोकिन्छ भन्ने नसोचे हुन्छ । एमाले एउटा भेल हो, यो भेल अगाडि आउँदैछ निर्वाचनको माध्यमबाट ओलीले भने । उनले सरकारलाई पनि बालुवाको मुलाको संज्ञा दिएका छन् ।

अध्यक्ष ओलीले तुच्छ अभिव्यक्ति मात्रै होइन, उनले नभएका विषयलाई समेत तोडमोड गरेर आफूखुसी तथ्य पेश गरिरहेका हुन्छन् । उनले सोही क्रममा आफूनिकट पत्रकारहरुको भेलामा रामका बाबुको नाम नेमी रहेको बताएका छन् । 'रामका बा (बाबु) नेमी भन्ने माडीको छेउमा थिए । वीरगन्जभन्दा करिब-करिब ६० किलोमिटर पश्चिम होला, माडी अथवा ठोरीमा । अहिलेको माडी र ठोरीको बीच-बीचमा पर्छ, त्यो । पहिलेको ठोरी नै हो, त्यो ठाउँ,' उनले भने ।

उनको अभिव्यक्तिलाई लिएर सामाजिक सञ्जालमा आलोचना पनि भइरहेको छ । कार्यक्रममै मन्त्री लक्षित अभिव्यक्ति दिदैँ उनले भने, तपाईंहरुलाई अचम्म लाग्दैन ? क्या मन्त्री ? कहाँबाट आयो यस्तो मन्त्री ? कसरी आयो ? कस्तो कस्तो मान्छे ? अखडामा कुस्ती खेल्न पस्दैछ कि ? रेस्लिङको रिङमा पस्दैछ कि ? साधारण मान्छेहरु पनि अचम्म मान्छन् । त्यो के हो भने उन्माद हो,' ? उनको तथ्यांकविहीन र मर्यादाविपरीतको अभिव्यक्तिहरु सामाजिक सञ्जालमा ट्रोल बन्ने गरेका छन् ।

हुनत, नेकपा एमालेमा पनि अनुशासन आयोग गठन गरिएको छ । तर, ओलीको बोलीमा लगाम नलाग्नुको प्रमुख कारण उनकै पार्टीका केही समर्थक भएको राजनीतिक विश्लेषकहरु बताउँछन् ।

तथ्यतथ्यांकमा टेकेर भन्दा पनि पटपटक दिने मनगढन्ते अभिव्यक्तिका कारण अध्यक्ष ओली मजाकको पात्र बनिरहेका छन् ।

## प्रगतिशील मञ्चको अधिवेशन भोलि

# बाहिर–बाहिर सर्वसम्मति भित्र–भित्र होडबाजी !

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ फागुन

नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले साधारणसभा तथा ५ औं अधिवेशनको तयारी अन्तिम चरणमा पुगेको बताएको छ । सोमबार राजधानीको धुम्बाराहीमा हुने अधिवेशनको उद्घाटन नेकपा एमाले महासचिव शंकर पोखरेलले गर्ने महासचिव डिक बहादुर खत्री 'कुमार'ले मध्यान्हलाई जानकारी दिए ।

'राष्ट्र निर्माणको आधार सुरक्षित वैदेशिक रोजगार' भन्ने अधिवेशनको मुल नारा तय गरेको मञ्चले वैदेशिक रोजगार क्षेत्रमा सुधारका लागि पार्टीको माथिल्लो पंक्तिमा ध्यानाकर्षण गर्नुपर्ने अवस्था देखिएको कारण पार्टी महासचिव पोखरलेलाई प्रमुख अतिथिका रूपमा निम्त्याइएको पनि महासचिव खत्रीले बताए ।

नेकपामा आएको विभाजनसँगै मञ्चमा पनि विभाजन देखापरेको छ । मञ्चमा आवद्ध नेकपा एकीकृत समाजवादीमा आस्था राख्ने व्यवसायीहरूले नयाँ संगठनको निमार्ण गरेका छन् । तर कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले मञ्चमा विभाजनको कुनै असर नरहेको र त्यसको वास्तविक स्थिति अधिवेशनमा देखिने दावी गरे । उनले भने, 'हाल ८ सय ६० वैदेशिक रोजगार व्यवसायी संस्था रहेकोमा शनिबारसम्म हाम्रो अधिवेशनमा ३ सय व्यवसायी सहभागी हुने निश्चित बनेको छ, पार्टीमा विभाजन भएपनि मञ्च व्यावसायिक संस्था भएकोले अर्को संगठन आवश्यक छैन भन्ने धेरैको मत रहेको छ, शुरूमा केही अलमल भएर यताउता लागेपनि अधिवेशनमा धेरै व्यवसायी साथीहरू सहभागी हुने अवस्था बनेको छ ।'

मञ्चको अधिवेशनले ३५ सदस्यीय कार्यसमिति चयनका लागि निर्वाचन गर्नेछ । शनिबारसम्म मञ्चको वर्तमान कार्यवाहक अध्ययक्ष भण्डारीलाई अध्यक्षमा निर्वाचित गरेर वर्तमान कार्यसमितिलाई अर्को कार्यकाल हुबहु दोहोऱ्याउने तयारी रहेको बताइएको छ ।

तर महाधिवेशन अघि नै नेतृत्वको दाबी गर्दा पार्टीबाट दाबी छोड्न वा सहमतिमा जान चर्को दबाब पर्ने भन्दै नेतृत्वका आकांक्षी केही व्यवसायीहरूले भित्र भित्रै नेतृत्वको तयारी गरेपनि सार्वजनिक नगरेको बताइएको छ । भण्डारीसहित महासचिव खत्री

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## कतारमा सामाजिक सञ्जालको प्रयोग गर्दा होसियार हुनुपर्ने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २८ फागुन

कतारमा पछिल्लो समय नेपालीहरूले जान अन्जानमा सोसियल मिडियामा गर्ने गल्ती, त्यसले पारेका र पार्न सक्ने सम्भावित घटनाका बारेमा साक्षात्कार एवं सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । नेपाली राजदूतावास कतारको सभा हलमा गैर आवासीय नेपाली संघ (एनआरएनए) एनसीसी कतारको आयोजना, नेपाली दूतावासको सहजीकरण र नेपाल पत्रकार महासंघ कतार शाखाको समन्वयमा कार्यक्रम सम्पन्न भएको हो ।

एनआरएनए एनसीसी कतारका अध्यक्ष मोहमद मुक्तदाको सभापतित्व तथा कतारका लागी नेपाली नियोगका कार्यवाहक राजदूत लक्ष्मण खनालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। पछिल्लो समय टिकटक लगायत सामाजिक

– बाँकी पृष्ठ २ मा

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको

हार्दिक निमन्त्रणा

आदरणीय व्यवसायीज्युहरू !
यस मञ्चको साधारणसभा तथा पाँचौं अधिवेशन नेकपा एमालेका श्रदय **महासचिव क. शंकर पोखरेलज्यू**को प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीज्यूहरूमा उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

मितिः– २०७८ फागुन ३० गते, सोमबार
समयः– बिहान ८:०० बजे
स्थानः– स्काई जोन पार्टी प्यालेस, धुमबाराही चोक, काठमाडौं

राजेन्द्र भण्डारी
का.वा. अध्यक्ष
तथा
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
परिवार

पिंगलास्थान, गौशाला, काठमाडौं, फोनः ०१-४४६४३०१, ४४६४७२६

मध्यान्ह
www.madhyanhadaily.com
२९ फागुन २०७८, आइतबार
13 March 2022, Sunday

# अनेरास्ववियु सैनामैनाको चौथो अधिवेशनबाट अध्यक्षमा भुसाल चयन

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २८ फागुन

सैनामैनामा रहेको अनेरास्ववियु नगर कमिटीले एक कार्यक्रमको आयोजना गरी आफ्नो चौथो अधिवेशन सम्पन्न गरेको छ। अधिवेशनले पवन भुसालको अध्यक्षतामा निर्विरोध ३९ सदस्यीय नयाँ कमिटी गठन गरेको छ । कमिटीको उपाध्यक्षमा भोजराज भण्डारी र अमृता भट्टराइ चयन भएका छन् ।

यस्तै कमिटीको सचिवमा सुरज रिजाल रहेका छन् भने सहसचिवमा क्रमशः विकास रास्कोटी, जीवन न्यौपाने र सुमन न्यौपाने रहेका छन् । कोषाध्यक्षमा भने नवराज खनाल चयन भएका छन् । सदस्यहरुमा महिलाबाट आठ जना, दलितबाट एक जना र जनजातिबाट एक जना चयन भएका छन् भने भुगोल समेटिने गरि ११ वटा वडाबाट २२ जना समावेश भएका छन् ।

महिला सदस्यमा क्रमशः रेखा खत्री, मोनिका पन्त, बिमला गुरुङ, आरती खड्का,रोजिना राना, जेनिसा सुवेदी, उर्मिला घिमिरे रहेका छन् ।

भुगोल समेटिने गरी क्रमशः वडा नं १ बाट बिनोद श्रीस र आकाश पन्त २ बाट बिनोद पाण्डे र सन्दीप ज्ञवाली, ३ बाट आदर्श क्षेत्री र पुष्पा भण्डारी, ४ बाट अस्मित भण्डारी



र आकृति खनाल, ५ बाट यादव भट्टराइ, रञ्जित पाण्डे, ६ बाट प्रदिप पाण्डे, अविनास पाण्डे, ७ बाट सागर बेल्वासे र मनोज भुसाल चयन भएका छन् ।

यस्तै ८ बाट विवेक पोखरेल, सागर खत्री, ९ बाट निश्चल अधिकारी र बिनोद राना, १० बाट कमल रेग्मी र दिपेश ज्ञवाली, ११ बाट दयाराम बस्याल र सन्दीप ज्ञवाली चयन भएका छन् । दलितबाट दिल्सन नेपाली र आदिवासिबाट हिमाल सोमरे चयन भएका छन् ।

कार्यक्रमको खुल्ला सत्रमा बोल्दै कार्यक्रमका अतिथि नेकपा एमाले रुपन्देहीका सहसचिव सैनामैना नगरपालिकाका मेयर चित्र बहादुर कार्कीले बलियो संगठनका रुपमा रहेको अनेरास्ववियुले सृजनशिल काम गर्दै धेरै विद्यार्थीलाई समेट्नुपर्ने धारणा राखेका थिए।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एमालेका केन्द्रीय सदस्य तथा रुपन्देही इन्चार्ज भुमिश्वर ढकालले अनेरास्ववियु नेकपा एमालेको जग रहेको बताए ।

एमालेका कार्यकर्ता उत्पादन हुने थलो रहेको अनेरास्ववियु क्याम्पस विद्यालय, नगर हुँदै वडा र टोल सम्म फैलिनुपर्ने र क्रियाशिलतामा कमिटीले जोडबलका साथ लाग्नुपर्ने बताए ।

कार्यक्रममा रुपन्देही निर्वाचन क्षेत्र नं ५ का क्षेत्रीय इञ्चार्ज जीवनाथ पाण्डे, नेकपा एमाले नगर अध्यक्ष चेतनारायण न्यौपाने, अनेमसंघ नगर अध्यक्ष मञ्जु ज्ञवाली, अनेरास्ववियु रुपन्देही जिल्ला अध्यक्ष शेषकान्त पोखरेल लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रमको खुल्ला सत्र निवर्तमान अध्यक्ष गणेश अर्यालको अध्यक्षता पार्टी केन्द्रीय सदस्य एवं जिल्ला इञ्चार्ज भुमिश्वर ढकालको प्रमुख आतिथ्यता, पार्टीका नेता, विभिन्न भातृसंगठनका नेताहरुको आतिथ्यतामा भएको थियो । कार्यक्रम उपाध्यक्ष भोजराज भण्डारीको स्वागत एवं सचिव सुरज रिजालले सञ्चालन गरेका थिए ।

# राजनीतिक स्थायित्वका लागि गठबन्धन आवश्यक : मुख्यमन्त्री पोखरेल



**पुलिमराङ/मस–**गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आगामी चुनावमा जीत हात पार्न गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताएका छन् । व्यास नगरपालिकाले शनिबार गरेको व्यास नगर अल्ट्रा म्याराथनको समापन कार्यक्रममा उनले गठबन्धनको संस्कृतिलाई परिस्कृत गर्दै लैजान सके मुलुकमा राजनीतिक स्थायित्व कायम हुने बताए ।

व्यास नगरपालिका-५ मानुङकोटबाट सुरु भएको अल्ट्रा म्याराथन ४४ किलोमिटर दुरी पार गर्दै व्यास नगरपालिका ८ पुलिमराङमा सापन भएको हो ।

कार्यक्रममा मुख्यमन्त्रीले भने, ‘ हामीमा गठनबन्धन संस्कृति नभएका कारण असजिलो लागेको हो, अहिले गठबन्धनकै सरकार बनेको छ, राष्ट्रिय सभाको चुनावमा हामीले त्यो अभ्यास गरिसकेका छौं, आगामी चुनावमा पनि मिलेरै जानुपर्ने हुन्छ ।’ छिमेकी मुलुक भारतमा मनमोहन सिंहले २ पटकसम्म गठबन्धन सरकारकै नेतृत्व गरेको स्मरण गर्दै उनले नेपालका दलहरुले पनि त्यसको अनुसरण गर्नुपर्ने बताए ।

गएको चुनावमा भए भरका कम्युनिस्ट मिलेर तलदेखि माथिसम्म विजयी भए पनि दलहरुबीचकै मुटावका कारण राजनीतिक उतारचढाव आएको उनको भनाइ थियो । अब कांग्रेसको नेतृत्वमा गठनबन्धन सरकार मिलेरै चुनावमा जाने र ३ तहकै चुनावमा विजय हासिल हुने मुख्यमन्त्री पोखरेलले बताए ।

उनले संघीयताको पहिचान भनेको प्रदेश सरकार रहेको भन्दै नागरिकका समस्या सुल्झाउन हरसम्भव प्रयास गरिरहेको बताए । विकास निर्माण मात्र नभएर सामाजिक क्षेत्रमा समेत प्रदेश सरकारले उल्लेखनीय काम गरेको दाबी उनको थियो ।

खेलकुदको प्रंसगमा उनले गण्डकी प्रदेशलाई खेलकुद पर्यटनको हब बनाउनुपर्ने बताए । अबको केही महिनामा पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुन लागेको र त्यसको तयारीमा प्रदेश जुटेको पनि उनको भनाइ थियो । खेलमार्फत् २ महत्वपूर्ण स्थललाई जोड्ने गरी सुरु गरेको अल्ट्रा म्याराथन व्यास नगरपालिकाको दुरदर्शी कार्य रहेको उनले बताए । मुख्यमन्त्री पोखरेलले सरदार यदुनाथ खनाल जन्मिएको मानुङकोट र सहिद गाउँ पुलिमराङ लाई खेलकुदका माध्यमबाट विश्वसामु चिनाउन म्याराथनले महत्वपूर्ण भूमिका खेलेको भनाइ राखे । तनहुँको सदरमुकाम कब्जा गर्ने क्रममा पुलिमराङका धर्मध्वज गुरुङको स्मरण गर्दै त्यतिबेला राणा शासनको विरुद्धमा आवाज उठाएकै कारण शाहदत प्राप्त गरेको बताए । पछि पञ्चायती व्यवस्थाको विरुद्धमा समेत पुलिमराङका युवाहरुले मुलुकका लागि ठूलो योगदानको उनले कदर गरे। उनले भने, ‘धर्मध्वजले बन्दीपुरमा रगत बगाएकै दिनमा नेपालमा संघीय लोकतान्त्रिक व्यवस्थाको जग बसेको हो, अहिले आएर साकार भएको छ ।’

सहिद गाउँको नामले परिचित तनहुँको व्यास नगरपालिका ८ पुलिमर्‍याङ अहिले पर्यटकीय गन्तव्य बनेको छ । २००७ साल र त्यसपछि भएका आन्दोलनका क्रममा प्रजातन्त्र स्थापनाकै लागि भिडेका कारण यो गाउँका ६ जनाले मृत्युवरण गर्नु परेको छ । पुलिमर्‍याङ्कै भरत गुरुङ, शमसेरबहादुर गुरुङ, लालध्वज गुरुङ, धर्मध्वज गुरुङ, सर्वसिंह गुरुङ, हस्तवीर गुरुङले विभिन्न समयमा शाहदत प्राप्त गरेका छन्। पुलिमर्‍याङ गाउँभन्दा केही माथिको खाली जमिनमा अहिले सहिद पार्क बनाइएको छ र त्यहाँ तिनै ६ जना सहिदको प्रतिमा राखिएको छ ।

कार्यक्रममा व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेले नगरपालिकाले खेलकुदलाई प्राथमिकतामा राखेर २२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताए। उनले मानुङकोटको पर्यटकीय महत्व र पुलिमराङको ऐतिहासिक महत्व जोड्नका लागि यो कार्यक्रा आयोजना खुलाए ।

उक्त अवसरमा स्थानीय एक्काबहादुर गुरुङ, टेकबहादुर गुरुङले सहिद पार्कमा सहज आवतजावतका लागि सडकको स्तरोन्नती गर्नुपर्ने आवश्यकता औंल्याए। उक्त अवसरमा संविधानसभा सदस्य रामचन्द्र पोखरेल, जिल्ला समन्वय समिति तनहुँ प्रमुख शान्तिरमण वाग्लेसहित विभिन्न राजनीतिक दलका प्रतिनिधिले भनाइ राखेका थिए ।

## चुनावी...

यता एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल देउवा र ओली कित्तामा अर्थात, दुई ध्रुवमा राष्ट्रिय राजनीति विभाजित हुनु दुर्भाग्यपूर्ण ठान्छन् ।

देउवाले एमाले बाहेकका मुख्य राजनीतिक दलहरुको कित्ताको नेतृत्व गर्ने र एमालेले राप्रपा र लोसपा जस्ता पार्टीलाई साथमा लिएर हिँड्नुपर्ने अवस्था आउनु दुर्भाग्य भएको उनको विश्लेषण छ ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले भने, ‘एउटा पोलको लिड नेकपा एमालेले गरेको छ । अर्को पोल गठबन्धनको छ । यसरी राष्ट्रिय राजनीति नै दुई ध्रुवमा विभाजित हुनु दुर्भाग्यपूर्ण छ ।’

राजनतिक विश्लेषक विष्णु दाहाल आगामी चुनावमा ओली कित्ताले जिते मुलुक नियन्त्रित शासन व्यवस्थातर्फ उन्मुख हुने बताउँछन् । देउवाले जिते मिलिजुली शासन सञ्चालन हुने उनको विश्लेषण छ ।

‘ओली देउवा भन्दा नियन्त्रित राज्य व्यवस्थाका पक्षधर हुन् । यसकारण कसले जित्छ सोही अनुसार मुलुकको शासन व्यवस्था कता उन्मुख हुन्छ भन्ने तय हुन्छ’ दाहालले मध्यान्हसँग भने ।

## प्रगतिशील...

र उपाध्यक्ष मुक्तिनाथ अधिकारी, भिष्मराज शर्मा शिवाकोटी मञ्च अध्यक्षका स्वभाविक प्रतिस्पर्धी मानिएका छन् ।

महासचिव खत्री वैदेशिक रोजगार विशेष ईलाका कमिटीको पाँचौं अधिवेशनबाट अध्यक्ष निर्वाचित भएका कारणले दोहोरो जिम्मेवारी दाबी नगर्ने अवस्थामा छन् । मञ्चको यसअघिको अधिवेशनमा अधिवेशन स्थलमा मात्रै अध्यक्षको उम्मेदवारी दिएका उपाध्यक्ष अधिकारीले शनिबारसम्म कुनै निर्णय नलिएको बताए । अधिकारीको स्वभाव बुझेका कतिपय व्यवसायीले उनले यसपटक पनि अधिवेशन स्थलमा नै आफ्नो योजना सार्वजनिक गर्नसक्ने आंकलन गरेका छन् ।

कार्यवाहक अध्यक्ष भण्डारीले कार्यवाहक अध्यक्ष भई कठिन अवस्थामा मञ्चलाई नेतृत्व दिएकोले व्यवसायीको शुभकामनाका साथ सहयोगमा आफु अध्यक्ष बन्न लागेको बताएका छन् ।

## कतारमा....

सञ्जालहरूमा भइरहेको गलत प्रयोग र यस्ले पार्ने कानुनी अप्ठ्यारोका बारेमा पत्रकार महासंघ कतार शाखाका अध्यक्ष करिम बक्स मियाँले स्पष्ट पारेका थिए । उनले कतारका अधिकांश ठाउँमा फोटो भिडियो खिच्न निषेध उल्लेख नभए पनि कतारी कानुनले सबै स्थानलाई सार्वजनिक स्थान घोषणा नगरेको बताए । उनले यहाँका सरकारी भवनका दृश्य, झन्डाको गलत दुरुपयोग, दृश्य र अडियो फरक फरक प्रकृतिका राखेर टिकटकमा अपलोड भई रहेको पाइएको र यस्ले कतारको आन्तरिक मामिलामासमेत गम्भीर असर पुर्‍याई रहेको बताए ।

कार्यक्रममा बोल्दै चर्चित टिकटकर लक्ष्मी पर्लले कानुनको सबैले सम्मान गर्न पर्ने बत्ताइन् । तराईका सामाजिक कुरीतिका विषयमा जनचेतनामूलक भिडियो निर्माण गरेर चर्चामा आएका अर्का टिकटकर मुन्ताज रेनले टिकटकमा आफ्ना भिडियो पनि गलत अडियोमा प्रयोग गरी आफूलाई समेत बदनाम गराएको प्रति रोष प्रकट गरे । उनले टिकटकमा गिफ्ट लिनुदिनुले पनि समाज र परिवारमा गम्भीर समस्या उत्पन्न भएको बताए ।

कार्यक्रमका प्रमुख अतिथि खनालले ईनटरनेटमा हुने गलत क्रियाकलापहरू प्रमाणित भएमा साइबर क्राइम अन्तर्गत सजाय हुन सक्ने भन्दै यसतर्फ सजग रहन अनुरोध गरे । उनले यहाँको संस्कार र संस्कृतिलाई ध्यान दिन आग्रह गर्दै टिकटक प्रयोगकर्ताहरू नियम कानुनभन्दा बाहिर गएको देखिएको बताए । उनले हामी श्रम गर्नका खातिर आएको भन्दै यहाँको कानुनलाई अक्षरशः पालना गर्न अनुरोध गरेका थिए ।

कार्यक्रममा बोल्ने वक्ताहरूले नेपाली नियोगले पनि टिकटकमार्फत सचेतनाका भिडियोहरु अपलोड गर्दै सुसूचित गर्नु पर्ने सुझाव दिएका थिए । कार्यक्रमको अन्त्यमा बोल्दै सभापति मुक्तदाले आफूहरू के प्रयोजनको लागि कतार आएको हो त्यो नभुल्न श्रमिकहरूमा अनुरोध गरेका थिए । उनले कतारको संस्कार र कानुनको सम्मान हुने गरी या दख्खल नदिई मनोरन्जनका लागु भिंडियों बनाउन आग्रह गरे । कार्यक्रममा कतारमा रहेका थुप्रै टिकटकर, पत्रकार तथा विभिन्न विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।एनआरएनए कतारका सचिव रबिन मगरले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव पदम गिरीले सहजीकरण गरेका थिए । कार्यक्रम पश्चात् थुप्रै सचेतनाका भिडियोहरु बनाउने र सूचना प्रदान गर्ने कार्यहरू अगाडि बढेको छ । कार्यक्रमले समाजमा सकारात्मक सन्देश जाने अपेक्षासमेत गरिएको छ ।

# बेवारिसे कुखुरा र अवैध मदिरा बरामद

**सत्येन्द्र प्रताप सिंह /मध्यान्ह**
रौतहट २८ फागुन ।

प्रहरीले रौतहटका छुट्टाछुट्टै स्थानबाट वेबारिसे कुखुरा र अवैध मदिरा बरामद गरेको छ। बरामदित कुखुरा र मदिरालाई प्रहरीले नष्ट गरिदिएको छ ।

जिल्लाको ईशनाथ नगरपालिकाबाट प्रहरीले ६० वटा बोइलर कुखुरा बेवारिसे अवस्थामा फेला पारेको थियो ।

ती कुखुरा भन्सार छलेर भारतबाट ल्याइएको पाइएको र त्यसको मूल्य करिब ३० हजार रुपैयाँ बराबर रहेको प्रहरीलेजनाएका् छ ।

प्रहरी चौकी मठियाबाट खटिएको गस्ती टोलीले बरामद गरेको कुखुरालाई जिल्ला प्रहरी कार्यालय रौतहटको प्राङगणमा



खाल्टो खनी नष्ट गरिएको हो ।

यस्तै, रौतहटको गौर नगरपालिकामा अवैध रुपमा बनाइएको घरेलु मदिरा पनि प्रहरीले नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको गस्ती टोलीले गौर नगरपालिका वडा नम्बर ८ बाट करिब एक सय लिटर घरेलु मदिरा नष्ट गरेको हो ।

# फोहोर विसर्जनमा अवरोध कायमै

**काठमाडौं/मस–**काठमाडौं उपत्यकाको फोहोर नुवाकोटको सिसडोलमा बिसर्जन गर्न अवरोध कायमै छ ।

पछिल्लो मन्त्रिपरिषद् बैठकले सिसडोल र धादिङसँग सीमा जोडिएको बञ्चरेडाँडाको ल्याण्डफिल साइटमा फोहोर व्यवस्थापनको क्रममा उत्पन्न हुने प्रभाव न्यूनीकरण गर्न उच्चस्तरीय समिति बनाउने निर्णय गरे पनि आफूहरुको माग सम्बोधन नभएको भन्दै फोहोर बिर्सजनमा अवरोध गरेको ‘बञ्चरेडाँडा ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्र सरोकार समितिले जनाएको छ ।

यही फागुन २३ गतेदेखि स्थानीयवासीले विरोध थालेका हुन् । शनिबार पनि काठमाडौंबाट फोहोर आउन नदिएको समितिले जानकारी दिएको छ ।

प्रभावित क्षेत्रको गुठीको जग्गा कानुनी प्रक्रियाअनुसार रैकर गर्नुपर्ने, प्रभावित क्षेत्रको उच्च प्रभावित बनेका वस्ती स्थानान्तरण गर्नुपर्ने, फोहोर बिसर्जन गर्न जाने सडकको स्तरोन्नति हुनुपर्ने र फोहोर बिसर्जन वैज्ञानिक रूपमा गर्नुपर्ने माग स्थानीयबासीको छ ।

**तीन मेट्रिक टन फोहर व्यवस्थापन**

तिलगङ्गा क्षेत्रको वाग्मती नदी सफाइ गरी तीन मेट्रिक टन फोहर व्यवस्थापन गरिएको छ । वाग्मती सफाइ महाअभियानको ४६१ औं हप्ता एवं तिलगङ्गा महिला समूहको ३६० औं हप्तामा त्यस क्षेत्रमा सफाइ गरी तीन मेट्रिक टन फोहर निकालिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए । महाशिवरात्रिका अवसरमा पशुपतिनाथको दर्शनमा आएका



साधुसन्तलगायत भक्तजनका कारण यस क्षेत्रको नदी किनारमा फोहर बढेको थियो ।

तिलगङ्गा आँखा अस्पतालअघिको वाग्मती नदी सफाइ अभियानमा पूर्वमुख्यसचिव लीलामणि पौड्याल, अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष उद्धवप्रसाद तिमिल्सिना, काठमाडौं महानगरपालिका-११ का अध्यक्ष हीरालाल तण्डुकार, तिलगङ्गा महिला समूहका संयोजक आशा पाण्डेलगायत समूह, लायन्स क्लब रेसुङ्गा काठमाडौंको समूह, वाग्मती फोहर उन्मूलन उपभोक्ता समिति, काठमाडौं महानगर्पालिका वातावरण विभाग टेकु, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, स्थानीयवासी एवं वाग्मती सफाइ अभियानकर्मीको सक्रियता थियो ।

वाग्मती नदी सफाइका क्रममा अभियानकर्मी दुर्गा रावलले महिला ब्याग फेला पारेका थिए। ब्यागभित्र रहेको दुई थान नागरिकता र अन्य कागजात फोन सम्पर्क गरी सम्बन्धित व्यक्तिलाई बुझाइएको थियो। वाग्मती सरसफाइ गरिरहँदा पुलमाथिबाट हेरिरहेका सर्लाही र धनुषा जिल्लाका केही व्यक्तिलाई सफाइमा सहभागी गराइएको अभियानकर्मी शाहीले सुनाए ।

विसं २०७० जेठ ५ गतेदेखि सुरु भएको सफाइ महाअभियान प्रत्येक हप्ताको शनिबार बिहान दुई घण्टा निरन्तर चलिरहेको छ । जाडो, गर्मी, वर्षा, चाडपर्वलगायत प्रतिकूल अवस्थामा पनि सफाइ महाअभियान रोकिएको छैन । महाअभियानबाट प्रभावित भएर काठमाडौं उपत्यकामा वाग्मतीका सहायक नदी सफाइ अभियान पनि सुरु भएको छ। हाल राजधानीमा २५ स्थानमा सफाइ भइरहेको छ।

यसैगरी काठमाडौं उपत्यका बाहिरका मुख्य सहर, नदी र सांस्कृतिक सम्पदास्थलमा पनि सफाइ भइरहेको छ । राजधानी बाहिर १०९ स्थानमा सफाइ भइरहेको जनाइएको छ । यसैगरी आज गुह्येश्वरीमाथिको वाग्मतीलगायत वाग्मतीका विभिन्न खण्ड, रुद्रमती, विष्णुमतीका तल्लो र माथिल्लो भाग, मनोहरा, चक्रपथका उत्तरी र पश्चिमी भागमा पनि सफाइ गरिएको जनाइएको छ। ललितपुरको गोदावरी खोला र भक्तपुरको हनुमन्तेमा पनि सफाइ जारी रहेको जनाइएको छ ।

## भूल सुधार

मिति २०७८/११/२२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **UAE** मा रोजगारको अवसर शिर्षकको कम्पनी : **METRO TAXI LLC** को विज्ञापनमा फाइनल अन्तर्वार्ता पोखरामा २०७८ फागुन २९ गते पोखरामा र २०७८ फागुन ३० गते झापा र इटहरी हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

RAJ GROUP
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

# युवा संघ नेपाल शुभकालिकाको अध्यक्षमा बोहोरा

**खडानन्द अधिकारी/मध्यान्ह**
कालिकोट, २८ फागुन

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी निकट युवा संघ नेपाल शुभकालिका गाउँपालिकाको प्रथम भेला शनिबार सम्पन्न भएको छ ।

भेलाले प्रताप बोहोराको अध्यक्षतामा गाउँ कमिटीको गठन गरेको छ । गठित संघको उपाध्यक्ष त्रयमा कमल सुनार, कृष्ण तिमिल्सिना र लंक सेजुवाल, सचिवमा भक्ति प्रसाद अधिकारी, उपसचिव त्रयमा ज्योति सुनार, यज्ञ बि क र डिल शाही र कोषाध्यक्षमा करुण कुमारी शाही चयन भएका छन् । संघमा ५१ सदस्यीय कमिटी गठन गरीएको नवनिर्वाचित अध्यक्ष बोहराले मध्यान्हलाई जनाकारी दिए ।

युवा संघ नेपाल कालिकोटका जिल्ला कमिटी सदस्य बलिराज शाहीको अध्यक्षता, नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका कर्णाली प्रदेश कमिटी सदस्य तथा युवा नेता जजराज शाहीको प्रमुख आतिथ्यता, युवा संघ नेपालका केन्द्रीय सचिव केशन बहादुर शाहीको बिशेष आतिथ्यतामा गठन भएको कमिटीले शनिवार नै पहिलो बैठक सम्पन्न गरेको छ ।




बैठकले महिनामा एकदिन श्रमदिनका रुपमा गाउँपालिकामा सरसफाई, वृक्षारोपणको क्षेत्रमा काम गर्ने, मासिक बैठक महिनाको ३ गते बस्ने लगायतका निर्णय गरेको जनाइएको छ । कार्यक्रममा आफ्नो भनाइ राख्दै कार्यक्रमका प्रमुख अतिथि शाहीले देश बिकास तथा परिवर्तनको जिम्मा युवाहरुको हातमा रहेकाले सबै युवाहरुले सकारात्मक सोचका साथ गाउँको बिकासमा लाग्नु पर्ने बताए । साथै उनले शुभकालिका गाउँपालिकामा आफ्नो पार्टीको जित सुनिश्त भएकाले कोही कसैको भरममा नपरी आफ्नो पार्टी एकीकृत समाजवादीमा गोलबन्द हुन सबै नेता कार्यकर्तालाई आग्रह समेत गरे ।

यस्तै कार्यक्रममा बोल्दै युवा संघ नेपालका केन्द्रीय सचिव केशन बहादुर शाहीले युवा संघ नेपाल विभिन्न समयमा देशमा हुने नराम्रा कामको पहरेदारी गरेकै कारण सडकको बाघ संगठन र परिवर्तनको संवाहक भएको बताए । उनले समृद्धिको यात्राबाट समाजबादसम्म पुग्ने युगान्तकारी लक्ष्यलाई आत्मसाथ गरेर अगाडी बढे युवाहरुका लागि देशमै रोजगारी शिर्जना, सीप विकास तालिम लगायत नेतृत्व बिकासका कामलाई समाजबादी पार्टीले प्रमुख मुद्धाको रुपमा अगाडी बडाउने बताए ।

## UAE को प्रतिष्ठित क्याटरिङ कम्पनीमा रोजगार

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES L L C    शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/११/१३    चलानी नं.: ६०१७५१०५    LT. No.: 258704

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,९३६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 65 | 0 | | 900 | २९,९५२ | | | | | | | |
| 3. | Cleaner Supervisor | 10 | 0 | | 1500 | ४९,९२० | | | | | | | |
| 4. | Confectioner | 25 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |
| 5. | Cook | 2 | 0 | | 2000 | ६६,५६० | | | | | | | |
| 6. | Food Service Supervisor | 15 | 0 | | 1500 | ४९,९२० | | | | | | | |
| 7. | Fruit And Vegetable Preserver | 5 | 0 | | 900 | २९,९५२ | | | | | | | |
| 8. | Housekeeping Supervisor | 15 | 0 | | 1500 | ४९,९२० | | | | | | | |
| 9. | Kitchen Helper | 40 | 0 | | 1000 | ३३,२८० | | | | | | | |
| 10. | Store Keeper | 1 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |
| 11. | Vehicle Cleaner | 5 | 0 | | 900 | २९,९५२ | | | | | | | |
| 12. | Waiter | 30 | 0 | | 1000 | ३३,३८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ चैत ७ गते (21 March 2022) मा हुनेछ ।
Hotel Intourist Places Itaharian बिर्तामोडमा २०७८ चैत ८ गते (22 March 2022) मा हुनेछ ।
CP Hotel बिर्तामोडमा २०७८ चैत ८ गते (22 March 2022) मा हुनेछ ।
बाजेको सेकुवा पोखरामा २०७८ चैत ९ गते (23 March 2022) मा हुनेछ ।
Hotel Red Carpet चितवनमा २०७८ चैत १० गते (24 March 2022) मा हुनेछ मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 712/064/065
VRINDIT SERVICES Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Phone: 01-5524006, 5427196, 9845297209
9817381197 & 9804372357 (Itahari), 9826963711 & 9816931052 (Birtamode)
9804186670 & 9840439508 (Pokhara) 9813843354 & 98550019595 (Chitwan)

# कोभिड संक्रमण घटेपनि जोखिम यथावत्

विष्णुलक्ष्मी खरेल/मध्यान्ह
काठमाडौं, २८ फागुन



नेपालमा पछिल्लो समय कोभिड-१९ को संक्रमण क्रमशः कम हुँदै गएको छ। यद्यपि जोखिम भने यथावत् रहेको बताउँदै चिकित्सकहरूले स्वास्थ्य सुरक्षाका सबै उपाय अवलम्बन गर्न सुझाएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो शनिबार पाँच हजार ६२ जनाको परीक्षण गरिएकामा ७३ जनामा मात्र कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। सोही अवधिमा १९२ जना संक्रमणमुक्त भई घर फर्केका छन्।

त्यसैगरी शनिबार कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या शुन्य छ।

हालसम्म मुलुकमा कोरोना संक्रमणबाट ज्यान गुमाउनेको संख्या ११ हजार ९५० पुगेको छ। हाल देशभर पाँच हजार ५० जना सक्रिय संक्रमित रहेका र १०६ जना क्वारेन्टिनमा बसेका छन्।

शनिबार एक लाख १३ हजार चार जनाले कोभिड-१९ विरुद्ध खोप लगाएका उक्त मन्त्रालयले बताएको छ। खोप अभियान शुरु भएयता चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा खोप लगाइसकिएको छ भने एक करोड ८६ लाख ११ हजार ६२६ जनाले पहिलो मात्रा खोप लगाएका छन्। एक करोड ८३ लाख ९९ हजार ४५१ जनाले खोपको पूर्ण मात्रा लगाइसकेका छन्। शनिबारसम्ममा १६ लाख ३८ हजार ५३६ जनाले खोपको अतिरिक्त मात्रा पनि लगाइसकेका छन्।

खोप लगाएकाले पीसीआर परीक्षण गर्नुनपर्ने

स्वास्थ्य मन्त्रालयले कोरोना भाइरस संक्रमणको कुनै पनि लक्षण नदेखिएकाले पीसीआर परीक्षण गर्नुनपर्ने जनाएको छ।

मन्त्रालयले एक सूचना प्रकाशित गर्दै पूर्ण खोप लगाएका व्यक्तिहरूलाई स्वास्थ्य उपचारका लागि पीसीआर टेस्ट अनिवार्य नगराउन सम्बन्धित सबै स्वास्थ्य संस्था तथा अस्पतालहरूलाई निर्देशन दिएको हो। यसअघि, अस्पतालमा अपरेशन लगायत भर्ना हुनका लागि पीसीआर अनिवार्य गरिएको थियो।

स्वास्थ्य मन्त्रालयका अनुसार कोरोना भाइरसविरुद्धको खोपको अतिरिक्त मात्रा १५ लाख भन्दा बढीले लगाएका छन। खोप पूर्ण मात्रा खोप लगाएको ६ महिनापछि अनिवार्य रुपमा अतिरिक्त मात्रा लगाउन मन्त्रालयले आग्रह गरेको छ।

नेपालमा कोरोनाविरुद्धको खोप अभियान शुरू भएको १४ महिनासम्ममा कुल जनसंख्याको ६२ दशमलव ९ प्रतिशतले खोपले लगाइसकेका छन्। सरकारले चैत्रभित्र सबै नागरिकलाई खोप दिइसक्ने घोषणा गरेको छ।

बाँके डायरी

गणेश रावत/मध्यान्ह

# सरकारले दिएको राहतले छाएन किसानमा खुशी



गत कात्तिक महिनामा बेमौसमी वर्षाले किसानको मुखको आहारा खोसेर लग्यो। मल, जल हालेर लहलह झुलेका, पाकिसकेका र काटिसकेको धानबाली नष्ट भए। जसका कारण किसानको मुख्य आयस्रोत नै खोसियो। सरकारबाट राहत पाउने आशमा किसानले फोटो खिचेर स्थानीय सरकारसँग राहतको माग गर्न थाले। गाउँपालिकाले पनि किसान राहत उपलब्ध गराउन पहल गर्ने बतायो।

गत कात्तिक महिना सम्झिँदा लक्षीराम थारुको आखाँबाट अहिले पनि आँशु झार्छ। गर्मी महिना भएकाले उनी पाँच वजे उठेर धान काट्न जान्थे।'

धान काटेर सुकाउन खेतमा राखेका थियौं बेमौसमी वर्षले सबै खेत पानीले डुबायो। दुई तीन दिनसम्म घाम लागेन। पछि खेतमै धान उर्मियो,'थारुले भने। यस्तै पीडा सुनाउँछिन् दिनेश राधिका थारु पनि।

उनी भन्छिन्, 'नेपाल कृषि प्रदान देश हो भन्छन् तर किसानलाई सम्मान हुँदैन। समयमै मल पाउन सकिँदैन। सिँचाइको व्यवस्था समेत छैन। आकाशे पानीको भरमा खेतिपाती गर्ने गरेका छौं।'

अहिले बाँकेमा ३६ हजार ५०० हेक्टरमा धानखेती हुने गरेको छ। बाँकेका ८ वटा पालिकामा ३८ करोड ४१ लाख ८६ हजार १६५ रुपैयाँ बराबरको धानबालीमा क्षति पुगेको थियो। धानबालीमा क्षति पुगेका बाँकेका किसानलाई पहिलो किस्तामा क्षतिको ३६ प्रतिशत राहत दिइने निर्णय भएको छ।

जिल्ला विपद व्यवस्थापन समिति बाँकेले माग गरेभन्दा थोरै रकम उपलब्ध भएपछि किस्तामा राहत वितरण गरिने निर्णय भएको हो। अहिले केन्द्र सरकारले बाँके जिल्लालाई धानबालीमा भएको क्षतिपुर्तीको लागि १० करोड रकम उपलब्ध गराएको बाँके जिल्ला प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले मध्यान्हलाई बताए।

उनका अनुसार केन्द्र सरकारबाट आएको रकमलाई किसानको बैंक खातामा पठाउने निर्णय भएको छ। सरकारबाट केही पाउने आशामा रहेका किसानमा निराशा छाएको छ। यो रकमले किसानको आलो घाउ निको नहुने स्थानीय बताउँछन्।

प्रवास डायरी

# मोना कतारले मनायो आफ्नो स्थापना दिवस



तिलु शर्मा पौडेल/मध्यान्ह
कतार, २८ फागुन

कतारमा रहेका म्याग्देलीहरुको साझा संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले आफ्नो स्थापनाको १९ औं वार्षिकोत्सव मनाएको छ। दोहा शहरबाट करिब सवा सय किलोमिटरको दुरीमा रहेको समालको मजरामा एक कार्यक्रमको आयोजना गरेर मोना कतारले वार्षिकोत्सव मनाएको हो।

सो अवसरमा वनभोज कार्यक्रमसहित संस्थाले सञ्चालन गरेको चिठ्ठाको नतिजासमेत सार्वजनिक गरिएको थियो।

मोना कतारका अध्यक्ष नरेन्द्र फगामीको सभापतित्व तथा संस्थापक अध्यक्ष प्रेम रसाइलीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संघका उपाध्यक्ष बाबुराम भण्डारीले स्वागत मन्तव्य राखेका थिए। ब्यानर अनावरण, दीप प्रज्वलनसहित केक काटेर कार्यक्रमको शुभारम्भ गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि रसाइलीले सन २००३ मा पार्कमा जम्मा भएर संस्थाको स्थापना गरेको स्मरण गर्दै वनभोज कार्यक्रमले सामिप्यतालाई प्रगाढ बनाउने बताए। उनले मोना कतारले नयाँ नयाँ कार्यहरू गरिरहेकोमा खुसी व्यक्त गरे। शुभकामना मन्तव्यकै क्रममा संघका संरक्षक विक्रम कार्कीले मोना अन्तर्राष्ट्रिय स्तरमा फैलिसकेको एक विवादरहित लामो इतिहास बोकेको सामाजिक संस्था भएको र कतारको भूमिका सधैं उच्च रहने गरेकोमा गर्व गर्नुपर्ने बताए। शुभकामना मन्तव्य राख्दै संरक्षक रमेश पौडेलले मोना कतार आफैंमा सफल र सक्षम संस्था रहेको हुँदा आफ्ना गतिविधिले जिल्लामा दरिलो स्थान बनाएको बताए। चिठ्ठाको सार्वजनिक गरिएको नतिजा अनुसार सान्त्वना ४ वटा स्मार्ट घडी क्रमशः लीला चोखाल, महेश पौडेल, बारमान राई र लंकेशले जिते। तेस्रो पुरस्कार स्मार्ट फोन तार्पेश चौधरी, दित्तीय पुरस्कार एप्पलको एयरपड जयन्द्र विकले जिते भने पहिलो पुरस्कार रेडमीको नोट ११ फोन नसिवले जिते। राम बाबु, ईश्वर लामगाडे, दर्शन केसी, विष्णु परियार, शिवजी परियार, राजन खत्रीलगायतको लाइभ दोहोरीले कार्यक्रममा थप रौनकता प्रदान गरेको थियो। कार्यक्रममा उपस्थित महिलाहरुबीच खेलाइएको नगद १०१ कतारी रियाल पुरस्कार रहेको म्युजिकल चेयर खेलको उपाधि भने फुलमाया तामाङले जितिन्।

संघका महासचिव अजय कुँवरले आर्थिक र कार्यप्रगति विवरण पेश गरेका थिए भने कार्यक्रमको सञ्चालन पनि कुँवरले नै गरेका थिए।

कार्यक्रमको समापन गर्दै सभापति फगामीले कोरोना महामारीपछिको पहिलो कार्यक्रम भएकोमा खुसी व्यक्त गरे। उनले वनभोज, सांस्कृतिक, चिठ्ठा तथा वार्षिकोत्सव कार्यक्रम एकमुष्ट सम्पन्न गर्न निकै गाह्रो काम भए पनि सबैको हैसला र साथले सम्भव भएको बताए। उनले संस्थालाई सबैको साझा बनाउन आफु लागी परेको बताउँदै संस्थामै आवद्ध हुन र सामाजिक कार्यमा हात मिलाउन आग्रह गरे।

# डडेल्धुरा स्पीकिङ आइडल सोमबार

रमेश बोहरा/मध्यान्ह
डडेल्धुरा, २८ फागुन




डडेल्धुरा स्पीकिङ आइडल २०७८ को जिल्ला अडिसन डडेल्धुरा सदरमुकाममा हुने भएको छ। अडिसन जिल्ला सदरमुकामस्थित निर्माण व्यवसायी संघको हलमा यही ३० गते सोमवार हुने भएको हो। 'डडेल्धुराको पर्यटन विकासमा हाम्रो भूमिका' शीर्षकमा विद्यार्थीहरुले पाँच/पाँच मिनेट बोल्ने छन्।

जिल्ला अडिसनका लागि सातै पालिकामा पालिका अडिसन भइसकेको छ। सातै पालिकाबाट करिब २० जना विद्यार्थीहरु सहभागी हुने कार्यक्रम संयोजक दिपक राज भट्टले मध्यान्हलाई जानकारी दिए।

कार्यक्रमको आयोजक खबरदारी न्युज साप्ताहिक पत्रिका रहेको छ भने सह आयोजक शिखर बहुउद्देशीय विकास समाज डडेल्धुरा र प्रवर्द्धकमा बोलन्याथली रहेको छ। यस्तै पुरुस्कार आयोजक समाजसेवी विनय मल्ल रहेका छन्।

जिल्ला अडिसनमा प्रथम पुरस्कार १५ हजार १५ रुपैयाँ, द्वितीय पुरस्कार १० हजार १० रुपैयाँ, तृतीय पुरस्कार २५ हजार २५ रुपैयाँ र सान्त्वना पुरस्कार १ हजार १० रुपैयाँ रहेको छ।

जिल्ला अडिसनको तयारी अन्तिम चरणमा रहेको भट्टले बताए। जिल्लाको समग्र विकासका लागि विद्यार्थीहरु मार्फत जानकारी गराउनुको साथै, विद्यार्थीहरुको नेतृत्व विकासका लागि यस कार्यक्रमले भूमिका खेल्ने हिक्मत मालीले मध्यान्हलाई जानकारी दिए।

कोरोना संक्रमणका कारणले २ वर्षसम्म विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलाप नभएकाले यस कार्यक्रमले विद्यार्थीहरुलाई प्रेरित गर्ने मालीले बताए।

# नेपालगन्जमा मासिक गजलगोष्ठी सम्पन्न

पवन जायसवाल/मध्यान्ह
नेपालगन्ज, २८ फागुन



बाँके जिल्लाको गुल्जार-ए-अदबले आफ्नो मासिक गजल गोष्ठी शनिबार नेपालगन्जमा सम्पन्न गरेको छ।

मासिक गजल गोष्ठी नेपालगन्ज उपमहानगरपालिका वडा नं. ८ स्थित महेन्द्र पुस्तकालयको सभाहलमा शनिबार उर्दू साहित्यकारहरुले गजल वाचन गरेका थिए।

गुल्जार-ए-अदब बाँकेका अध्यक्ष हाजीअब्दुल लतीफशौकको अध्यक्षतामा सम्पन्न भएको गजल गोष्ठी नेपालगन्जका उर्दू साहित्यकार तथा सचिव मोहम्मद मुस्तफा अहसन कुरैशीले गजल कार्यक्रमको सञ्चालन गरेका थिए।

गजल गोष्ठी कार्यक्रममा गुल्जार-ए-अदब बाँकेका अध्यक्ष हाजी अब्दुल लतीफ शौक, सैय्यद असफाक रसूल हाशमी(सैय्यद नेपाली), सचिव मोहम्मद मुस्तफा अहसन कुरैशी, मेराज अहमद (हिमालय), अव्दुल हमीद सिद्दीकी (भोला), इस्माइल अन्सारी, आदिल सर्वर नेपाली, जमील अहमद हाशमी, मोहम्मद उमर, सदाब नेपाली, समीर अली शेष, पंकज कुमार श्रेष्ठ लगायतले 'अजीब शख्स है पानी के घर में रहता है' मिसर-ए-तरहमा साहित्यकारहरुले आ-आफ्ना गजल वाचन गरेका सचिव मोहम्मद मुस्तफा अहसन कुरैशीले मध्यान्हलाई बताए।

उक्त गजल गोष्ठीमा शाद हुसैन र उमेर अहमद सादिक लगायतको सहभागिता रहेको थियो। यसरी गुल्जार-ए- अदब बाँकेद्वारा मासिक गजल गोष्ठी हरेक महिनाको अन्तिम शनिबारका दिन गरिने गरिन्छ।

'कुडा कर्णाली'को तेस्रो संस्करण

# कर्णालीका नागरिकले कुलमानसँग राखे विद्युतका गुनासा



कर्णालीका नागरिकहरुले विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँग विद्युत समस्याका गुनासाहरु राखेका छन्।

कर्णाली प्रदेशको वीरेन्द्रनगर सुर्खेतमा शुक्रबारदेखि शुरु भएको 'कुडा कर्णाली' का तेस्रो संस्करणमा उक्त गुनासाहरु राखेका हुन्।

कर्णाली उत्सवको दोस्रो दिन शनिबार झरो उजेलोको खरो पत्रकार महेश नेपालीले कार्यक्रम सञ्चालन गरेका थिए भने प्रतिनिधिसभा सदस्य गजेन्द्रबहादुर महत, नेपाल विद्युत प्राधिकरण कार्यकारी निर्देशक कुलमान घिसिङ वक्ता थिए।

कार्यक्रममा सहभागीले कर्णालीमा विद्युत जाने समस्या भएको गुनासो गरे। उनीहरुले निर्देशक घिसिङसँग कहिलेसम्म हामी अध्याँरोमा बस्ने भन्दै प्रश्न गरेका थिए। समग्रमा सबैको जवाफ दिँदै घिसिङले अब कर्णालीमा विद्युत जाने समस्याको समाधान हुने बताए।

अहिले कोरोनाका कारण केहि कामहरु ढिला भएको उनको भनाइ छ। एक वर्षभित्र कर्णालीमा १३२ केभी प्रसारणलाइन पुर्याइने उनले बताए। उनले बर्दिया राष्ट्रिय निकुञ्ज र वन क्षेत्रका कारण प्रसारणलाइन विस्तारको काम केहि ढिलो भएको बताए। कर्णालीमा हजारौं मेगावाट विद्युत उत्पादनको सम्भावना रहेको पनि उनले बताए। कर्णाली चिसापानीमा १० हजार आठ सय मेगावाट विद्युत उत्पादनको सम्भावना रहेको भन्दै उनले त्यसको काम शुरु गर्न सकेको खण्डमा कर्णालीले विद्युतसँगै पर्यटनबाट राम्रो लाभ लिन सक्ने बताए।

कर्णालीमा राष्ट्रिय प्रसारणलाइन विस्तार भएका क्षेत्रमा देखिएका विभिन्न समस्याको समाधानको लागि कैलालीको सोल्टा र सल्यानबाट समेत ३३/३३ केभी प्रसारण लाइन ल्याउने प्रक्रिया शुरु भएको उनले बताए। 'सुर्खेतको छिन्चुसम्म चार सय केभी र दैलेखको चुप्रासम्म १३२ केभी प्रसारण लाइन विस्तारको काम भइरहेको छ' प्राधिकरणका निर्देशक घिसिङले भने, 'कैलाली र दाङ हुँदै सल्यानबाट पनि कर्णालीमा विद्युतीकरणको प्रक्रिया शुरु भएको छ।'

उनले दुई वर्षभित्र कर्णालीका सबै जिल्लामा विद्युत प्रसारण लाइन पुर्याइने बताए। हाल जुम्लासम्म पुगेको विद्युतको राष्ट्रिय प्रसारण लाइनलाई मुगु, हुम्ला र डोल्पासम्म पुर्याउनुका साथै साविकका कर्णालीका पाँच जिल्लामा दुई-दुई मेगावाटका सोलार प्लान्ट राख्नका लागि अध्ययन भइरहेको बताए।

त्यस्तै प्रतिनिधिसभा सदस्य जुम्लाका गजेन्द्रबहादुर महतले आफु जुम्लाबाट प्रतिनिधिसभा सदस्य भएलगातै जुम्लाको तिला गाउँपालिकामा जलविद्युत आयोजनाको काम भइरहेको बताए। उनले कर्णालीका कुरा नसुनेपछि गत महिना मात्र जुम्ला देखि पञ्चेबाजसहित काठमाडौं विद्युत प्राधिकरण कार्यालय पुगेको बताए।

कार्यक्रममा विद्युत समस्याका कारण आफुहरु टुकिको भरमा पढ्न बाध्य भएको गुनासो गरेका थिए। आयोजक संस्था ऋति फाउण्डेशनका अध्यक्ष तथा कर्णाली उत्सवका संयोजक कमलराज लम्सालले कर्णालीको जल, जमिन, जंगल मात्र सम्पत्ती नभएको भन्दै यस क्षेत्र भाषा, कला र सँस्कृतिको पनि गन्तव्य भएको बताए।

# नेपालको राजनीति लिक भन्दा बाहिर: नेता त्रिपाठी

सहबान अन्सारी/मध्यान्ह
नवलपरासी, २८ फागुन



जनता प्रगतीशिल पार्टीका केन्द्रीय अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य हृदयेश त्रिपाठीले नेपालको राजनीति लिक भन्दा बाहिर गएको बताएका छन्।

जनता प्रगतीशिल पार्टीको निर्माणपछि गृह जिल्लामा पहिलो पटक बेलाटारीमा शनिबार जनसभालाई सम्बोधन गर्दै उनले राज्यको तीन वटै अंग क्षतविच्छेत भएको हुँदा राजनीति लिक भन्दा बाहिर गएको बताए।

कुनै अभावको कारण पार्टी निर्माण गरिएको हैन भन्दै उनले विचारको राजनीति समाप्त हुँदै गएको अवस्थामा चाहे त्यो विचार देश संसद सविधानको राजनीति विचलन भएको हुँदा यो पार्टीको आवश्यकता महसुश गरिएको बताए। साथै देशमा किसानहरुको जनसंख्या ६५ प्रतिशत भन्दा माथि भएको हुँदा किसानले आफ्नो उत्पादनको मुल्य आफैँ निर्धारण गर्न नसक्ने उनले बताए।

जबसम्म किसान समृद्ध हुँदैनन् तबसम्म देश समृद्ध हुन नसक्ने नेता त्रिपाठीको भनाइ छ।

साथै कार्यक्रममा नागरिकता विहिन नेपाली नागरिक संघर्ष समिति नवलपरासीले नागरिकता विहिन भएका मानिसहरुको लागि नागरिकता पाउनुपर्ने माग गर्दै ज्ञापनपत्र समेत बुझाएको छ।

त्यसपश्चात नेता त्रिपाठीले आमाको नाममा नागरिकता दिने संविधानमा व्यवस्था भएपनि कानून बन्न नसकेको र जन्मसिद्धको नागरिकता प्राप्त गरेका सन्तानलाई वंशजको नागरिकता दिनुपर्ने बताए।



मध्यान्ह
www.madhyanhadaily.com
२९ फागुन २०७८, आइतबार
13 March 2022, Sunday

## सम्पादकीय

# संयमता अपनाउ

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली दैनिकजसो भाषण गर्छन् । अझ चुनाव नजिकिँदै छ, नेताले भाषण गर्नैपर्छ, आफ्ना कुरा जनतालाई भन्नैपर्छ । यो बेला एजेण्डा पस्किएर जनमत बटुल्न प्रयास गर्ने समय हो । त्यसकारण भाषण गरेकोमा कुनै प्रश्न होइन, गर्नैपर्छ । तर, प्रमुख प्रतिपक्ष जस्तो जिम्मेवार दलको प्रमुख नेता ओलीमा एकै दिनमा धेरै ठाउँमा भाषण गर्ने र भाषणैपिच्छे अन्य दलका नेतालाई गाली गर्ने प्रवृत्ति मौलाएको छ । शुक्रबार सत्ता गठबन्धनलाई गाली गर्न 'सर्वोच्च अदालतमा गोरू ब्याएको र ५ वटा पाठा जन्मिएको' भने । ओलीको सिको गर्दै एमाले महासचिवले शनिबार पोखराबाट सत्तागठबन्धनलाई गाली गरे, 'परमादेशहिरूलाई के भन्नु ? अध्यक्ष कमरेडले भने जस्तै सर्वोच्च अदालतले प्रधानमन्त्री बनाउनु भनेको गोरू ब्याउनु हो । प्रधानमन्त्री बनाउने संसदले हो सर्वोच्चले बनाएपछि गोरू ब्याएन त ?'

एमालेका अध्यक्ष ओली रमाइला छन्, उखान टुक्का जोडेर भाषण गर्छन् । यसलाई कार्यकर्ता र जनतालाई केन्द्रित गर्ने कलाका रूपमा लिन सकिन्छ । तर, उखान टुक्का र रमाइलोको नाममा वा कार्यकर्तालाई तान्ने नाममा असभ्य गाली बर्साउँदा लोकलाई लाज हुन थालेको छ । बिना तथ्य बिना आधार बोल्ने र गाली गर्दा उनले प्रयोग गर्ने शब्दहरूको असभ्यताको पनि हद नाघ्न थालेको छ । अध्यक्षलाई सच्याउन लाग्नुपर्ने हो एमाले नेता र कार्यकर्ताहरू । तर, उनीहरू नै अध्यक्षको बोली टिपेर गाली बर्साइरहेका छन् । यसले के सन्देश दिइरहेको छ ? न एमाले नेतृत्व यसमा गम्भीर छ न उक्त पार्टीका नेता र कार्यकर्ता ।

संसदीय व्यवस्थामा प्रमुख विपक्षीलाई 'वेटिङ सरकार' भनिन्छ । सरकारले गरेको राम्रा र नराम्रा कामहरूको फेहरिस्त पस्किएर जनताका बीचमा जाने मौका छँदा छँदै गालीको बर्षा गरेर जनतामा जाने प्रवृत्तिलाई एमालेजनले ध्यान दिनमा ढिला गर्न थालिसके । वर्तमानको एमाले नेतृत्व र एमाले नेता कार्यकर्ताको भाषणको शैलीले अपसंसकृतिको विकास हुन्छ । जिम्मेवार दलका नेता ती दलका कार्यकर्ताले अपसंसकृतिलाई बढावा दिने कि संस्कार दिने ?

नेताले गर्ने व्यवहार र बोलीले मुलुकलाई पनि डोहोऱ्याइरहेको हुन्छ । स्वयं एमाले अध्यक्षले कोरोना महामारीका बेला बेसार पानी खाँदा निको हुन्छ भनी बोल्दा मुलुकमा बेसारको ब्यापार ह्वात्तै बढेको थियो । नेताको बोलीको कति अर्थ हुन्छ भन्ने उदाहरण हो यो । यसकारण जिम्मेवार नेताको बोलीमा पनि राजनीतिक संस्कार हुन्छ, हुनुपर्छ । अझ चुनावको मुखमा आएको बेला 'वेटिङ सरकार'ले हेक्का राख्नुपर्छ । अन्यथा 'वेटिङ सरकार' फेरि 'वेट'मा नरहला भन्न सकिन्न ।

# संकटमा पुँजीवाद

**आम समस्याहरूको समाधान दिन असमर्थ भएकाले पूँजीवाद आफै संकटग्रस्त भैसकेको छ । पूँजीवादले आफ्नो संकटमोचनका लागि विनाशकारी आणविक हतियारको विकास गरी युद्धद्वारा त्यसको समाधान खोजिरहेको छ ।**

अग्रलेख



● राजन तिमल्सिना

समकालीन विश्वमा युगान्तकारी परिवर्तनको तिब्रतासँगै पुँजीवादी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक मूल्यमान्यता र अवधारणा विघटनको संघारमा पुगेको छ । पछिल्लो चार दशकदेखि विकास भएको विज्ञान-प्रविधि चमत्कारीक विकासले मानव समाजको मूल प्रवृत्ति फेरिने क्रममा छ । मानव समाज विकासका ऐतिहासिक चरणहरूमा परिस्कृत भएको पुँजीवादी अर्थ-राजनीतिक प्रणालीले विश्वव्यापी संकटको सामना गरिरहेको छ । पुँजीवादले आफ्नो शोषण र लुटको साम्राज्य खडा गर्दा श्रमजीवी जनतामा विद्रोहको आगो ओकल्ने परिस्थिति पैदा भएको छ । यो विषम परिस्थितिलाई क्रान्तिकारीहरूले वर्ग संघर्षको आँधी तुफानमा बदल्न शोषणका साम्राज्यमाथि धावा बोल्न ढिलो भैसकेको छ ।



श्रमजीवी जनताले अर्थ-सामाजिक रूपान्तरणमा खेलेको ऐतिहासिक घटनाक्रमको सिलसिलामा मार्क्सवादको अविस्कार गरे । यो महान् आविस्कारले शोषण, दासता र अत्याचारबाट मुक्ति पाउने वैज्ञानिक उपाय पत्ता लगायो । सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र प्रकाशनसँगै भौतिक विज्ञान र समाज विज्ञानको क्षेत्रमा नयाँ सैद्धान्तिक र वैचारिक बहस अगाडि आयो । यस सम्बन्धमा परम्परागत परिभाषाले त्यस समयको अन्तरविरोध हल गर्न असमर्थ भयो । कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले झण्डै पाँच हजार वर्षदेखि सामन्तवादी र पूँजीवादीले विकास गरेका सैद्धान्तिक र वैचारिक मान्यतालाई धूलोपिठो पार्दै द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण स्थापित गर्नु भयो ।

वैज्ञानिक खोज अनुसन्धानले पछिल्लो चार दशक यता भौतिक विज्ञानको क्षेत्रमा मूलभूत विशेषतासहित अभूतपूर्व परिवर्तन भैरहेको छ । विगतका सामाजिक, आर्थिक र सांस्कृतिक मूल्यमान्यताहरू विघटनको संघारमा पुगेको छ । बदलिँदो विश्व परिस्थितिअनुसार समग्र क्षेत्र नयाँ व्याख्या र विश्लेषणको पर्खाइमा रहेको छ । विज्ञान प्रविधिको विकासले उत्पादन शक्ति, उत्पादनका साधन, उत्पादन प्रक्रिया, उत्पादनको स्वरूप, वितरण प्रणाली र उत्पादन सम्बन्धमा नयाँ विशेषता थपिएको छ । विगतका सैद्धान्तिक र दार्शनिक मूल्यमान्यता र व्याख्या विश्लेषण वर्तमान युगमा पछि परिसकेको छ ।

बदलिँदो विश्व परिवेशमा अर्थ-सामाजिक, उत्पादन, वितरण प्रणालीमा नयाँ आयाम र विशेषताहरू फेरिने क्रममा छन् । उत्पादन र वितरण प्रणालीसँगै शोषणका स्वरूपहरू बदलिएको छ । उत्पादन, विनिमय र वितरण प्रणालीमा समेत ठूलो फेरबदल भैसकेको छ । बहुराष्ट्रिय निगम र सीमित मुट्ठीभर व्यक्तिको हातमा विश्वको स्रोत, साधन र सम्पत्तिको केन्द्रीकरण भएको छ । विश्वका विशाल जनसंख्या सम्पत्तिहिन हुन पुगी सुकुम्बासीको पंक्तिमा लामबद्ध बन्ने अवस्था पैदा भएको छ । विश्वका १ प्रतिशत धनाड्यको हातमा ९९ प्रतिशत स्रोत साधन र सम्पत्ति केन्द्रित छ भने ९९ प्रतिशत जनताको हातमा केवल १ प्रतिशत मात्रै सम्पत्ति रहेको छ ।

> बदलिँदो विश्व परिवेशमा अर्थ-सामाजिक, उत्पादन, वितरण प्रणालीमा नयाँ आयाम र विशेषताहरू फेरिने क्रममा छन् । उत्पादन र वितरण प्रणालीसँगै शोषणका स्वरूपहरू बदलिएको छ । उत्पादन, विनिमय र वितरण प्रणालीमा समेत ठूलो फेरबदल भैसकेको छ । बहुराष्ट्रिय निगम र सीमित मुट्ठीभर व्यक्तिको हातमा विश्वको स्रोत, साधन र सम्पत्तिको केन्द्रीकरण भएको छ ।

घरेलु हतियारको विकासदेखि वाष्प इन्जिन हुँदै कम्प्युटरसम्मको विकासले दुनियाँको परिभाषा फेरिदै गएको छ । विज्ञान-प्रविधि क्रान्तिले शारीरिक र मानसिक श्रम प्रक्रियालाई संकुचन गर्दै लगेको छ । विगतमा श्रम र उत्पादन प्रक्रिया एक-आपसमा अन्तरसम्बन्धीत थिए भने वर्तमानमा त्यसको चरित्र फेरिँदै गएको छ । कम्प्युटर र चिप्सको विकासले क्रमशः मानवीय श्रमलाई विस्थापित गर्दै अटोमेशन र यान्त्रिकरणले त्यसको ठाउँ लिँदै गएको छ । स्वचालित यन्त्रको विकासले एउटा बटम दवाउँदा उत्पादन प्रक्रिया शुरू हुने प्रविधिको विकासले चिप्समा ट्राजिस्टर अंकित गरि माइक्रोप्रोफेसरको निर्माण सम्बभ भएको छ । जसको कारण उत्पादन र निर्माण क्षेत्रमा यन्त्रमानव (रोबर्ट)को प्रयोग बढ्दै गएको छ । परिवर्तनशील पूँजीको स्थिर पूँजीमा रूपान्तरण प्रक्रिया पनि बदलिँदो अवस्थामा पुगेको छ । माल-मुन्द्रा बजार तथा विनिमय र उत्पादन क्षेत्रमा समेत फेरबदल भैरहेको छ । जसको कारण सामाजिक-आर्थिक क्षेत्रमा मूलभूत परिवर्तनका सम्भावनाहरू बढेर गएको छ र श्रम प्रक्रियामा संकुचन पैदा भएको छ ।

श्रम प्रक्रिया संकुचन हुने सम्बन्धमा कार्ल मार्क्सले 'द क्यापिटल दास' लेखनको दौरानमा आफ्नो पाण्डुलिपि नोटमा महत्वपूर्ण प्रस्तावना उद्घाटित गर्नु भएको थियो । उक्त पाण्डुलिपि जर्मनी र अग्रेजी भाषामा ग्रुड्रिस नामले प्रकाशित भएको थियो । मार्क्स भन्नू हुन्छ, "यो स्वचालित यन्त्र व्यवस्था आफ्नै प्रेरक शक्तिद्वारा स्वचालित हुन्छ, यो अटोमेशन कयौं यान्त्रिक र बौद्धिक तत्वहरूद्वारा उत्पन्न हुन्छ । जसक्रममा मजदुर स्वंय केवल चेतनशील दर्शक मात्र बनिरहन्छ ।" (मार्क्स-एंगेल्स संकलित रचना खाण्ड-२९ पेज ८२)

कार्ल मार्क्सले श्रम प्रक्रिया संकुचन हुने आफ्नो दार्शनिक मान्यतालाई पूँजीमा समावेश गर्नु भएन किनकि त्यस समयमा श्रम र पूँजीको अन्तरविरोध प्राविधिक क्रान्तिसँग जोडिएको थिएन । वर्तमान युगमा विज्ञान-प्रविधि क्रान्तिमा भएको नयाँ परिवर्तनसँगै यन्त्रिकीकरणको विकासले श्रम र वस्तुबीचको सम्बन्धमा केही परिवर्तन गरिदिएको छ ।

माइक्रोइलोक्ट्रोनिक क्रान्तिको कारण श्रमप्रक्रियामा विविधिकरण हुँदै गएको छ । जसको कारण रोजगारीको अवसर, स्थायीत्व र सामाजिक सुरक्षा मै नयाँ नयाँ चुनौती थपिदै गएको छ । प्राविधिक क्रान्तिको विकासले मानवीय श्रममा आएको संकुचनसँगै बेरोजगारी समस्याले एउटा विकराल रूप लिँदै गएको छ । पूँजीवादले त्यसको समाधान दिन असमर्थ भएकाले पूँजीवाद आफै संकटग्रस्त भैसकेको छ । पूँजीवादले आफ्नो संकटमोचनका लागि विनाशकारी आणविक हतियारको विकास गरी युद्धद्वारा त्यसको समधान खोजिरहेको छ । पूँजीवाद भनेकै युद्ध हो र साम्राज्यवाद भनेकै युद्ध हो । सबैखाले युद्धको अन्त र मानवीय समाज निर्माणमा श्रमिकवर्गको महत्वपूर्ण भूमिका हुन्छ । पूँजीवाद र साम्राज्यवादको चिहान खन्न सबै श्रमिक लामबद्ध हौं ।

## सामाजिक सञ्जाल



**- सुमन देवकोटा**

देशको राजनैतिक रूपान्तरणको लागि लडेका महिला छापामार(गणतन्त्रको सेनानी) लाई चरित्रहिन नारीको रूपमा चित्रण गरिएको कथित म्युजिक भिडियो सह्य छैन । गणतन्त्रको सेनानीको अपमान हुने शब्द/दृश्य तुरून्त हटाउन म प्रकाश सपुतसँग अनुरोध गर्दछु ।



**- राजेन्द्र बानियाँ**

गौरवशाली महाशयहरू, एकचोटि प्रकास सपुतको गीत सुन्नभन्दा हेर, हेर्नभन्दा इतिहास र वर्तमानको तराजुमा आफैँलाई राखेर जोख । हिम्मत छ ? सलाम प्रकास सपुत ! ऐना हेर्न र देखाउन उत्ति नै शाहस चाहिन्छ ।



**-डम्मर खतिवडा**

पञ्जाबमा आपको विजयपछि नेपालमा बन्ने भाष्य- राजनीतिक मुद्दा छोड, डेलिभरीको मात्रै राजनीति गर भन्ने हुन्छ । तर, त्यहाँ संघीयता छँदै थियो र त्यो संभव भयो भन्ने बिर्सन मिल्दैन । दिल्ली प्रदेश नै थिएन, प्रदेशसँग आर्थिक अधिकार नै थिएन भने आप र केजरीवालले आफ्नो क्षमता कहाँ देखाउथे ?



**- राजु थापा**

स्वार्थी नेतृत्वले बनाएको अँध्यारो भविष्यको केही पाटोमा एक सपुतले प्रकाश पारेका के थिए चमेराहरू उल्टो झुन्ड्याउन कस्सिएका छन् । हिजो पशुपति गलत भनियो आज प्रकाश तर भोली सही तब हुन्छ जब स्वीकार गरिन्छ सत्य ।



**- रोशन शिवाकोटी**

भ्रष्टाचार र कुशासनबाट मुक्ति पाउन मात्रै होइन, बढ्दो विदेशी हस्तक्षेपलाई निस्तेज गर्न पनि बैकल्पिक राजनीति स्थापित गर्नुको विकल्प छैन् । पुराना ठुला दलहरू अमुक शक्ति राष्ट्रको पक्ष वा विपक्षमा स्पष्ट विभाजित छन् । त्यसैले पनि यिनिहरूलाई आराम दिनैपर्छ । मतदानबाटै क्रान्ति गर्न सकिन्छ भनेर दिल्लीपछि पन्जाबका जनताले देखाएका छन ।

# गठबन्धनभन्दा एकता गर्ने कि ?

**नेपाली कांग्रेस र माओवादी, नेकपा समाजवादी तथा जसपामा के नै आधारभूत अन्तर रहेको छ र ? संसदीय प्रणालीको सम्पादन विधीमा एकरूपता, संघीयता र गणतन्त्र, विकास-अर्थनीति, राज्यका शक्ति परिचालनका निकायहरूमा सहकार्य एवं भागवण्डा, जन प्रतिनिधित्व प्रणालीलाई हाक्ने तरिका जस्ता सवालहरूमा यिनीहरूका बीच लगभग एकैखाले सोच विचार रहेको छ । यसो हुँदा बिथ्थाको गठबन्धन मात्रै किन गर्ने ? एकिकरण मै जानु उपयुक्त होइन र ?**

टिप्पणी



● जयप्रकाश गुप्ता

प्रजातन्त्रहरू 'बलियो' हुँदै गएपछि यस्तो पनि अवस्था आउँछ । यौटा व्यक्ति-संस्था र नीति दुबैको स्रोत बन्न जान्छ । नेपाली कांग्रेस भित्र आजको यथार्थ हो यो । केही अपवादको अल्प समय खण्ड बाहेक कांग्रेस 'ट्रोईका' मै चलेको हो । बीपी, गणेशमान र किसुन जीको । फेरी गणेशमान, किसुन जी र गिरिजा बाबुको । गणेशमान र किसुन जी पछि गिरिजा बाबुको समय पनि आजको शेरबहादुर जीको समयका झै थिएन ।

आजको अवस्था एकदमै भिन्न छ । आज कांग्रेसमा प्रधानमन्त्री एवं सभापति शेरबहादुर देउवाले भनेकै कुरो हुन्छ । कुनै पनि विषयको समय सापेक्षता तथा सान्दर्भिकताको परिभाषा उहाँ मै निहीत भएको छ । कम्युनिष्टहरूसँगको सहकार्य कांग्रेसभित्र कहिल्यै पनि एकमतताको विषय रहेन । सुवर्ण र बीपी कोइरालाको पुरै समयावधिमा यो सम्भव भएन । वि.सं.२०४६ सालको पहिलो जनआन्दोलन ताका भएको कम्युनिष्टहरूसँगको सहकार्य कांग्रेसभित्र निर्विवाद थिएन । गणेशमान सिंह र किसुन जीलाई कम्युनिष्टहरू प्रति झुकाव राख्ने भनिए पनि यो सत्य होइन । उहाँहरूका सम्मुख कम्युनिष्टहरूले वि.सं. २०३७ सालको जनमत संग्रहमा पञ्चायतलाई सघाएको तितो अनुभव थियो । यसर्थ, उहाँहरूले संयुक्त मोर्चाको नाउँमा कम्युनिष्टहरूलाई रिंगभित्र राख्न चाहनु भएको हो । जबकि, गिरिजाप्रसाद कोइरालाको नजरमा बहु प्रचारित "माले-मशाले र मण्डले एकै हुन्" यो सोच रहेको थियो ।

वि.सं.२०४७ गएको ३१ वर्ष भयो । त्यस बेलाका घटनाहरूका जानकारहरू आज देखेका कुरा लेख्न छाडेका छन् । आज जो लेखेर अभिमत निर्माण गर्ने काममा छन्- ती त्यस कालखण्डका बारेमा अनभिज्ञ छन् । यसले गर्दा ०४६/४७ को आन्दोलनमा कम्युनिष्टसँग कांग्रेसको संयुक्त मोर्चा अपरिहार्य थियो कि थिएन र के यसबाट कांग्रेसलाई लाभ भयो त ? यसको सत्य जवाफ आइरहेको छैन । ०४६/४७ को आन्दोलन पूर्व र पछि २०४८ को पहिलो आम निर्वाचनसम्म निरन्तर कम्युनिष्टहरूले कांग्रेससँग चुनावी गठबन्धन गर्न दबाव दिइरहे । यस कालखण्डको वस्तुपरक अध्ययन हुनु जरूरी छ । हो, यस कुरामा दुईमत हुन सकिन्न, दोस्रो जनआन्दोलनको सफलताका लागि कम्युनिष्टहरूसँगको सहकार्य र मोर्चा वस्तुपरक आवश्यकता थियो ।

मैले यी पंक्तिहरू लेख्दा किमार्थ पनि यो अर्थ लाग्नु हुन्न् कि म कांग्रेसको कम्युनिष्टहरूसँगको सहकार्यको बिरोधमा छु । अहिले जुन उद्देश्यका लागि तथा जुन तर्कका साथ कम्युनिष्टहरूसँगको सत्ता गठबन्धनलाई अगाडी बढाउने कुरा आएको छ, यसलाई बुझ्न कठिन भएको छ । अब अगामी चुनावहरूसम्म कम्युनिष्टहरू समेतसँग गठबन्धनलाई निरन्तरता दिनका लागि हालै



प्रम तथा कांग्रेसका सभापति शेरबहादुर देउवाले भन्नु भएको छ; "अहिलेको सत्ता गठबन्धन कै कारणले उहाँ प्रम हुनु भएको हो । यसर्थ, कुनैपनि कांग्रेस जनले गठबन्धनको बिरोध गर्नु हुँदैन । चिढ्याउनु हुँदैन । हामी आगामी चुनावहरूसम्म गठबन्धन मै जाने हो ।" अर्थात् माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपासँग गठबन्धन कायम नै राखेर चुनावमा जाने ।


कांग्रेसले चाहेको यस गठबन्धनको निरन्तरता के-का लागि ? सरल रूपमा जवाफ खोज्ने हो भने पहिलो बझाई हुन्छ- १) एकल रूपमा कांग्रेस बहुमत ल्याउने ल्याकत राख्दैन । २) शेरबहादुर देउवामा निर्वाचन पछिको संसदबाट पुनः प्रम हुने इच्छा छ । प्रचण्ड, माधव नेपाल र उपेन्द्र यादवका पार्टीका साथ गठबन्धन गरी चुनावमा जादाँ कांग्रेसको बहुमत एवं संख्यात्मक प्रधानता रहन्छ । प्रममा देउवाको दावी स्वभाविक हुन्छ । ३) कांग्रेसले आफ्नो नेतृत्वमा यसरी बहुमत ल्याउन सकेमा मुख्य विपक्षी एमालेलाई अझ कमजोर पार्न सकिन्छ । यो स्थितिमा हालै यो गठबन्धनको सरकारले हालै कांग्रेसले परिदृश्यअनुसार भारत-अमेरिकी धुरीको भरपर्दो नेपाली पक्ष बन्नेछ, यसबाट अनेक थरीले लाभान्वित भैरहने छन् ।

नेपालमा र कांग्रेसमा शेरबहादुर देउवा अहिले बलियो मानिनु हुन्छ । उहाँ प्रम पदको निरन्तर आकांक्षी पनि हुनुहुन्छ । वर्तमान गठबन्धनको यसरी निरन्तरता अवश्यमेव् शेरबहादुरको हितमा नै हुन्छ । तर, यसबाट समग्रमा कांग्रेसलाई कतिको लाभ हुन्छ, यसको आंकलन तथ्यगत रूपमा कांग्रेसका नेता कार्यकर्ताहरूले गर्ने होलान् । कांग्रेसलाई दीर्घकालिन लाभ हानी जे भएपनि, यदि शेरबहादुरले यही चाहनु भएको हो भने उहाँले गरेरै छाडनु हुन्छ । यो बुझ्ने हुन्छ ।

शेरबहादुरले कांग्रेसका सबै पुराना मित्रहरूलाई परित्याग गरिसक्नु भएको छ । उपयोगी मानिसहरूको उपयोग गर्ने र पछि छोडदिने कुरामा उहाँ गिरिजा प्रसाद कोइरालालाई धेरै पछाडी छोडनु भएको छ । यस अर्थमा गठबन्धनका नयाँ मित्रहरू उहाँका समदुरीका साथी हुन सक्छन् । तेसो भए यस मित्रतालाई अझ प्रबल तथा दरो किन न बनाउने ?

नेपाली कांग्रेस र माओवादी, नेकपा समाजवादी तथा जसपामा के नै आधारभूत अन्तर रहेको छ र ? भारत-अमेरिकाको दृष्टिकोण, वैदेशिक सहयोग तथा अनुदान प्राप्ति तथा प्रबन्धनमा समान सोच, संसदीय प्रणालीको सम्पादन विधीमा एकरूपता, संघीयता र गणतन्त्र, विकास-अर्थनीति, राज्यका शक्ति परिचालनका निकायहरूमा सहकार्य एवं भागवण्डा, जन प्रतिनिधित्व प्रणालीलाई हाक्ने तरिका जस्ता सवालहरूमा यिनीहरूका बीच लगभग एकैखाले सोच विचार रहेको छ । यसो हुँदा बिथ्थाको गठबन्धन मात्रै किन गर्ने ? एकिकरण मै जानु उपयुक्त होइन र ? कमसे कम थोरै भएपनि राजनीतिको धमिलो रंग संग्लो हुन्छ कि ? गठबन्धनको सत्ता चिरन्तर तथा सत्ताको सुस्वादु भागिदारी "जत्र कुण्ड तत्र पानी" को हिसाबबाट हुन्छ नै । यसर्थ, प्रम देउवाको नेपाली कांग्रेस गठबन्धनका मित्रहरूसँग पार्टी एकिकरण कै बाटोमा जादाँ उचित हुन्छ कि ?

# अमेरिकाद्वारा रुसमाथि थप प्रतिबन्ध

**काठमाडौं/एजेन्सी–** अमेरिकाले रुसी हिरा, समुद्री खाना (सि फुड) र भोड्काको आयातमा प्रतिबन्ध लगाएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले प्रतिबन्धको घोषणा गरेका हुन् । युक्रेनमाथि गरेको आक्रमणको जवाफमा अमेरिकाले प्रतिबन्ध लगाएको हो । अमेरिकाले यसअघि नै रुसी इन्धनको आयातमा प्रतिबन्ध लगाइसकेको छ । यस्तै आर्थिक प्रतिबन्ध पनि लगाइसकेको छ ।

अमेरिका, युरोपियन युनियन र अरु साझेदार हरुले रुसलाई समान हैसियतको व्यवसायिक साझेदारबाट हटाउने तयारी पनि गरेका छन् । उनीहरुले रुसमाथि थप आर्थिक सजायका लागि यस्तै तयारी गरेका हुन् ।

आर्थिक प्रतिबन्धका कारण रुसी मुद्रा निकै कमजोर भएको छ भने प्रमुख कम्पनीहरु रुसबाट बाहिरिने हतारोमा छन् । अमेरिकासहितका पश्चिमा देशले शुक्रबार थप आर्थिक प्रतिबन्धको घोषणा गरेका हुन् । युरोपियन युनियनले रुसबाट फलाम तथा स्टिल उत्पादनको आयात बन्द गर्ने जनाएको छ । यस्तै रुसमा उर्जा सम्बन्धी नयाँ उत्पादनमा लगानी गर्न पनि प्रतिबन्ध लगाएको छ । यस्तै बेलायतले सयौं रुसी राजनीतिज्ञमाथि प्रतिबन्ध लगाएको छ । अमेरिका, इयु र बेलायतले रुसमा विलासिताका सामानको निर्यात पनि रोक्ने जनाएका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले पछिल्लो प्रतिबन्ध रुसी अर्थतन्त्रका लागि थप घातक हुने बताएका छन् ।

यसैबीच अमेरिकाले युक्रेनमा आफ्ना सैनिक नपठाउने राष्ट्रपति बाइडेनले पुनः स्पष्ट पारेका छन् । राष्ट्रपति बाइडेनले शुक्रबार ट्वीट मार्फत युक्रेनमा अमेरिका प्रत्यक्ष रुपमा युद्धमा सामेल नहुने बताएका हुन् । उनले लेखेका छन्, 'म स्पष्ट पार्न चाहन्छु हामीले नेटो भित्रको भूमिको हामीले रक्षा गर्ने छौं एकीकृत भएर । तर हामीले युक्रेनमा रुसविरुद्धको युद्ध लड्ने छैनौं । नेटो र रुसबीच हुने प्रत्यक्ष युद्धले तेस्रो विश्व युद्ध शुरु हुन्छ ।'

बाइडेनले बारम्बार युक्रेनमा अमेरिकी सैनिक पठाउने विकल्प नरहेको बताएका छन् । उनको प्रशासनले पछिल्ला दिनमा रुसमाथि एकपछि अर्को कडा प्रतिबन्ध लगाउँदै आएको छ । शुक्रबार बाइडेनले रुसी पेय पदार्थ, सि फुड र हिराको आयातमा प्रतिबन्ध लगाएका थिए ।

यसैबीच बाइडेनले युक्रेनमा भ्लादिमिर पुटिनले जारी राखेको युद्ध कहिल्यै पनि जित नहुने बताएका छन् । उनले लेखेका छन्, 'उनले (पुटिन) युक्रेनमाथि बिना युद्ध दवाब कायम गर्न सक्छु भन्ने आश गरे । युरोपलाई विभाजित गर्ने सोचे । नेटोलाई कमजोर बनाउने ठाने । अमेरिकालाई विभाजित गर्ने सोचे । तर उनी विफल भए ।'

# कंगोमा रेल दुर्घटना, ६० को मृत्यु



**काठमाडौं/एजेन्सी–** प्रजातान्त्रिक गणतन्त्र कंगो (डीआरसी) को दक्षिणपूर्वी क्षेत्रमा एउटा मालवाहक रेल दुर्घटनाग्रस्त हुँदा कम्तीमा ६० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले शनिबार पुष्टि गरेका छन् ।

लुबुण्डीका प्रशासक क्लेमेन्टिन मुतान्डाले भने, 'डीआरसीको दक्षिणपूर्वी लुलाबा प्रान्तको लुबुण्डी क्षेत्रमा बिहीबार मालवाहक रेल बाट खसेर कम्तीमा ६० जनाको मृत्यु भएको पुष्टि भएको छ ।'

घटनास्थलका पुगेका सिन्ह्वा संवाददातासँग स्थानीय अधिकारीहरूले दिएको जानकारी अनुसार गुडिरहेको रेल एक्कासी लिकबाट उछिट्टिएको र एउटा खोँचमा दुर्घटनाग्रस्त भएको थियो ।

भग्नावशेषमुनि फसेका शवहरु निकाल्ने क्रम शनिबार रातिसम्म जारी रहेको थियो । सरकारले मालवाहक रेलमा यात्रु ओसार्न प्रतिबन्ध लगाएको छ । जीर्ण रेलमार्गको अवस्थाको कारण देशको यस भागमा रेल दुर्घटनामा परी हरेक बर्ष सयौं मानिसको मृत्यु हुने गर्छ ।

# दिल्लीमा आगलागीबाट सातको मृत्यु



**काठमाडौं/एजेन्सी–** नयाँ दिल्लीमा शनिबार बिहान भएको आगलागीमा परेर कम्तीमा पनि सात जनाको ज्यान गएको बताइएको छ । प्राप्त समाचारअनुसार शनिबार भारतीय राजधानी नयाँ दिल्ली सहरबाट उत्तरतर्फ रहेको गोकल्पुर भन्ने स्थानमा रहेका घर टहराहरुमा शनिबार बिहान अकस्मात आगो लागेको थियो ।

सो आगोले कम्तीमा पनि सात जनाको ज्यान लिएको र अरु केही घाइते भएका अधिकारीहरुले जनाएका छन् । एकजना उद्धारकर्मीले दिएको जानकारीअनुसार सो क्षेत्रमा ६० वटा घर टहरा रहेका र ती सबैलाई आगोले छोएको थियो । आगो ती सबै घरमा पुगेको र पछि दमकलले नियन्त्रणमा लिएको ती अधिकारीले जानकारी दिए । के कति कारणले आगो लागेको हो भन्ने बारेमा प्रहरीले अुनसन्धान थालेको जनाएको छ ।त्यसैगरी यहाँ भएको क्षतिको विवरण पनि संकलन भइरहेको तथा आगोबाट बचेका केही सरसामानहरु हटाउने क्रम जारी रहेको ती अधिकारीले बताएका पनि समाचारमा जनाइएको छ ।

# जर्मनीले तत्काल रूसी तेल आयात रोक्न नसक्ने



**काठमाडौं/एजेन्सी–** जर्मनीले यस वर्षको अन्त्यसम्ममा रुसी तेल आयातबाट झण्डै मुक्त हुने लक्ष्य लिएको शनिबार जनाएको छ । युक्रेनमाथिको आक्रमणपछि संयुक्त राज्य अमेरिकालगायत यूरोपेली मुलुकहरूले मस्कोलाई प्रतिबन्ध लगाउने र आर्थिक दबाव सिर्जना गर्ने योजना अघि सारेपनि जर्मनीले तत्काल रूसी तेलमाथिको निर्भरतालाई सम्बोधन गर्न सम्भव नभएको जनाएको हो ।

फ्र्याङफर्टर आल्जेमाइन जाइटुङले रोबर्ट हाबेकलाई उद्धृत गरी उल्लेख गरेको छ, 'हरेक दिन, साँच्चै भन्ने हो भने, हामी हरेक घण्टा रूसी आयातलाई बिदाइ गर्दैछौं । हामी शरद ऋतुसम्ममा रूसी कोइलाबाट स्वतन्त्र हुनेछौं र वर्षको अन्तसम्ममा रूसी तेलमाथिको निर्भरताबाट स्वतन्त्र हुनेछौं ।'

जर्मनीले हाल आफ्नो तेलको एक तिहाइ र रूसबाट ४५ प्रतिशत कोइला आयात गरेको सरकारी तथ्याङ्कले देखाएको छ । जर्मनीको लागि रूसी ग्याँस काट्नु एउटा कठिन परिस्थिति हो, जसले रूसबाट आधाभन्दा बढी ग्यास आयात गर्छ ।

हाबेकले रूसी ऊर्जा आयातमा रोक लगाउन प्रतिरोध गर्दै उनले रूसी इन्धन बहिस्कारले हिउँदमा इन्धन अभाव हुने र मुद्रास्फीति बढ्ने चेतावनी दिएका छन् ।

फेब्रुअरी २४ मा सुरु भएको युक्रेनमाथिको घातक आक्रमणका लागि खासगरी अमेरिकालगायतका यूरोपेली मुलुकले रूसविरुद्ध व्यापक प्रतिबन्ध लगाएका छन् । प्रतिबन्धलाई थप कडा पार्दै अमेरिका र बेलायतले मार्च ८ देखि रूसी तेल आयातलाई बन्द गरिसकेका छन् ।

# बालबालिकामा ओमिक्रोनको जोखिम घट्यो



**काठमाडौं/एजेन्सी–** कोभिड विरुद्धको फाइजर खोपले बालबालिकामा ओमिक्रोन संक्रमणको जोखिम उल्लेखनीय रुपमा कम गराएको एक अध्ययनले देखाएको छ । संयुक्त राज्य अमेरिकामा भएको एक अध्ययनले फाइजरको दुई मात्रा खोपले यो संक्रमणमा उल्लेखनीय रुपमा कमी गराएको पाइएको बताइएको हो ।

अमेरिकाको सेन्टर फर डिजीज कन्ट्रालले गरेको अनुसन्धानबाट यो तथ्य पत्ता लागेको बताइएको छ । यो खोप लगाएका ५ देखि १५ वर्ष उमेर समूहका बालबालिकामा सो अनुसन्धान गरिएको थियो ।

उक्त अनुसन्धान गएको सन् २०२१ को जुलाईदेखि यस वर्षको फेब्रुअरी महिनासम्मको गरिएको थियो । सो अध्ययनबाट फाइजर खोपको दुई मात्रा खोप लगाएका ५ देखि १२ वर्षका बालबालिकामा ओमिक्रोनको संक्रमण ३१ प्रतिशतले कम भएको देखिएको थियो । त्यसैगरी १२ देखि १५ वर्ष उमेर समूहका बालबालिकामा यो जोखिम ५९ प्रतिशत कम भएको देखिएको सिडीसीले जनाएको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/११/२९**

**रामश्री लेवर सप्लायर्स** को मिति २०७८/१०/०१ गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रामश्री कन्स्ट्रक्सन एण्ड लेवर सप्लायर्स प्रा.लि. (प्रा.लि.नं.: २७६३०४)**, कायम गर्ने गरी मिति २०७८/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/११/२९**

**मिस्टर कर्न नेपाल हन्ड्रेड पर्सेन्ट भेज फुड प्रा.लि.** को मिति २०७८/११/२१ गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मिस्टर कर्न नेपाल भेज फुड प्रा.लि. (प्रा.लि.नं.: २४४९२१)**, कायम गर्ने गरी मिति २०७८/११/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/११/२९**

**आरुशी ग्रुप अफ कम्पनीज प्रा.लि.** को मिति २०७८/११/०४ गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आरुशी होल्डिङ्ग प्रा.लि. (प्रा.लि.नं.: २५४३०१)**, कायम गर्ने गरी मिति २०७८/११/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## भूल सुधार

मिति २०७८/११/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **UAE** मा **MOTORCYCLIST** हरुलाई रोजगारको अवसर शिर्षकको कम्पनी : **UPLIFT SELIVERY SERVICES L.L.C.** को विज्ञापनमा फाइनल अन्तर्वार्ता २०७८ फागुन ३० गते अनुपम फुडल्याण्ड बत्तिसपुतली, गौशला हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**लिंक ईन्टरनेशनल**
प्लेसमेन्ट सर्भिस प्रा. लि.
टोखा-५, बसुन्धारा, काठमाडौं, फोन : ०१-४९५६६५४, ०१-४९५५९७८
Email: linkinternationalnepal@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/११/२९

यस कम्पनीको मिति २०७८/११/१८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **हरिचन्द्र पारमा बोडिङ स्कुल प्रा.लि. (प्रा.लि. नं. १९३६६** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/२७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **हरिचन्द्र पारभा बोर्डिङ्ग स्कुल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## खाँदबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खाँदबारी, सङ्खुवासभा
१ नं. प्रदेश, नेपाल

### बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७८/११/२९**

यस कार्यालयबाट मिति २०७८/०९/२३ गते मध्यान्ह राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली,२०६४(संसोधन सहित) नियम ३१ (ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मूल्याकंन प्रायोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | आयोजनाको नाम एवं ठेक्का नं. | प्राविधिक प्रस्तावबाट सारभूत प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | Construction of Administrative and Commercial Building Works, Khandbari-1<br><br>Contract ID-KMO/NCB/WORKS/10/078/079 | 1. Bright Multi Construction Pvt. Ltd., Koteswor-32, Kathmandu<br>2. Rabina/Joshi JV, Buddanagar Kathmandu<br>3. CM/Slate/Chandrajyoti JV, Kathmandu<br>4. Binaya/RB JV, Hetauda<br>5. Lumbini/Bandan Bhagawati JV, Kathmandu<br>6. PS/Arun Barun JV, Khandbari-3<br>7. BKOI/Rautaha JV, Kathmandu<br>8. Chhuma Ganesh/Jaya Buddha/Chainling JV, Kathmandu<br>9. Dragon/Bibash JV, Kathmandu | खाँदबारी नगरपालिका कार्यालय संखुवासभा<br><br>मिति : २०७८/१२/०६<br>समय : विहान ११.०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

INTERSCAFF SAFETY
International Vocational Training School

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber



Skill Test / Video Graphy Services
NOTE We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety
Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

## कतारमा रोजगारको अवसर | कम्पनी: AL MAJID JAWAD AMJAD
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/२७   चलानी नं.: ६०१७५८०९   LT. No.: 259405

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 6 | 3 | स. काममा दक्ष | 1400 | ४६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ६ गते (20 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२
Email: sagunoverseas@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२९ फागुन २०७८, आइतबार
13 March 2022, Sunday

# बक्स अफिस समाचार

## 'म एउटा यात्राको राम्रै स्थानमा पुगेको छु'



पहिलो रियालिटी शो नेपाली ताराका सेकेन्ड रनरअप **रूपक डोटेल** अहिलेका लोकप्रिय गायकको पंक्तिमा पर्छन् । 'सपनी राम्रो देखिनँ' बोलको गीत नेपाली संगीतको क्षेत्रमा निक्कै चर्चित गीत हो । यही चर्चित गीतका गायक हुन् रूपक डोटेल । त्यसो त उनको दर्जनौं गीत चर्चामा रहे जसमा 'सपनी राम्रो देख्दिनँ', 'चोखो मायाँ लाएकै हो लाइन भनु कसरी', 'बाचा त गरे अब रून्न भनेर' लगायतका छन् । गुराँस, उमंग, उल्लास जस्ता व्यावसायिकरूपले सफल मानिएको अडियो एल्बम स्रोतामाझ ल्याएका उनले केही चलचित्रमा पनि स्वर दिएका छन् । गायक डोटेलका अधिकांश गीतलाई दर्शक तथा श्रोताले निकै मन पराउँदै आएका छन् । सानैदेखि गीत गाउन रूचाउने गायक डोटेल अहिले पनि गीतसंगीतकै क्षेत्रमा सक्रिय छन् । कालिका म्युजिक अवार्ड २०६७, नेशनल अवार्ड २०७६ क्षेत्रीय प्रतिभा, कान्तिपुर नेशनल अवार्ड २०७६, बिन्दवासीनी म्युजिक अवार्ड २०७६ बाट सम्मानित गायक रूपक डोटेलले त्रिभुवन विश्व विद्यालयबाट संगीत विषयमा बिए सम्मको अध्यान गरेका छन् । झण्डै पाँच सयको हाराहारीमा गीत रेकर्डिङ गरिसकेका गायक डोटेलले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**रूपक डोटेल, गायक**

**पछिल्लो तयारी के हुँदैछ ?**

कोभिडपछि बिस्तारै सांगीतिक बजारले पनि गति लिएको अवस्था छ । मेरो पनि विभिन्न कार्यक्रमसँगै एकल एल्बमको तयारी हुँदैछ । जस्मा बिवि थापा दाजुको शब्द र मनोज चौलागाईंको संगीत रहने छ । अन्य कलेक्सन एल्बमहरु जुन पेन्डिङमा थिए ती सबै आउँदैछ ।

**कहिलेदेखि यो क्षेत्रमा हुनुहुन्छ ?**

म व्यावसायिक रुपमा २०६१-०६२ को पहिलो पपुलर रियालिटी शो नेपाली तारामा सेकेन्ड रनरअप भएपछि सुरुवात भएको हो ।

यत्तिको समय यो क्षेत्रमा हुनुहुन्छ, तपाईंको बुझाईमा गीतसंगीतले मानव समाजमा कस्तो प्रभाव पार्छ ?

गीतसंगीत नै त्यस्तो माध्यम हो जसले कुनै पनि अभिव्यक्तिले काम गर्न छाड्यो भने संगीतले गर्दछ अथवा हुन्छ । हर कसैलाई मन्त्रमुग्ध बनाई आफ्नो वशमा पार्दछ त्यसैले संगीतले समाजमा एउटा रुपान्तरणको लागि पनि प्रमुख भूमिका खेलेको हुन्छ ।

**नेपाली संगीतको बजार सानो भएपनि आपसमा विवाद ठूलो हुनुको कारण के होला ?**

खासमा बजार सानो भएर नै बढी विवाद भएको होला जस्तो लाग्छ । कामहरु कम र कलाकार धेरै तर पनि आफ्नो कर्म गर्दा अरुलाई असर नपुग्ने गरी गर्नु र अरुको चियो चर्चामा भन्दा पनि साधनामा तल्लिन हुँदा यसको सामाधान आफैं भएर जान्छ । र, सभ्य बजार निर्माण गर्नु आफ्नो दायित्व पनि हो ।

**गीतसंगीतको क्षेत्रमा लागेर के पाउनु भयो के गुमानु भयो ?**

यसमा पाउनु के गुमाउनु के थाहा थिएन, जब मैले संगीतलाई मन पराउन थालें वा मैले संगीत यात्रा तय गर्ने प्रण गरें, यो नितान्त रुचीको विषय र सम्मानित पेशा भन्ने ठानेर लागेको हो । सोही अनुसार मानसम्मान, इज्जत, दर्शक श्रोताको माया सबै पाएँ जस्तो लाग्छ र गुमाउन त खासै त्यस्तो गुमाए जस्तो लाग्दैन ।

**कस्तो खालको गीत बढी गाउन मन पर्छ ?**

मैले सानैदेखि सबै खालको गीतसंगीत सुन्दै आएको हो र मन पर्छ । तर, विशेषरुपले क्लासिकल, फ्युजन, पप लगायत मन पर्छ र ती गीतहरु प्रायः मैले प्रस्तुत पनि गरिसकेको छु ।

**सुन्ने संगीतको भन्दा पनि हेर्ने संगीतको माग बढेको कारण अडियो बिक्री सुन्य भएको हो ?**

पक्कै पनि समयको विकास र प्रविधिको रुपान्तरणले पनि संगीतलाई अझ उच्चस्तरीय बनाउन समयको साथ भएको लाग्छ । पक्कै पनि प्रत्यक्ष क्यासेट, सिडिको मार्केट गएपनि नयाँ प्रविधि अनुसार विभिन्न पोर्टलबाट गीतसंगीत सुन्न र हेर्न सकिन्छ । यसले नै व्यावसायिकतालाई पनि सहयोग गर्ने मेरो बुझाई छ । त्यसैले समयको माग अनुसार संगीतलाई सुन्न र हेर्न बराबार थालिएको छ ।

**नेपाली गीतसंगीतलाई विश्व बजारमा पुऱ्याउन के गर्नुपर्ला ?**

प्रविधिले त पुऱ्याएको छ तर हाम्रो सिर्जना खोजी खोजी हेर्नलाई हामीले हाम्रो मौलिक गीत, धुन प्रस्तुत गर्नु पर्दछ । जसले मौलिकता प्रस्तुत गर्दछ त्यहाँ त्यो देशको इतिहास पनि जोडिन्छ र सबै कारणले त्यसपछि हाम्रा सिर्जनाहरुले बजारमा दरिलो पहिचान बनाउन सक्छ ।

**तपाईंको माग प्रत्यक्ष स्टेज कार्यक्रममा कत्तिको हुन्छ ?**

खसमा अहिले प्रस्तोता वा गायक ब्यस्त हुने भनेकै स्टेज प्रोगाममा हो । म पनि सांगीतिक दौडानमा धेरै देश, विदेशको स्टेज शोहरु गरेको छु । बीचमा कोभिडले गर्दा अलिकति ग्याप भएको छ । नत्र भने मेरो कार्यक्रम निरन्तर भई नै रहन्छन् र अब पनि केही कार्यक्रममा उपस्थित हुने योजनामा छु ।





**बिक्री नहुँदा पनि रेकर्डिङ स्टुडियोहरू खाली छैनन्, आर्थिक स्रोत कहाँबाट जुटिरहेको छ ?**

मनको प्रश्न गर्नुभयो धन्यवाद । पक्कै पनि रेकर्डिङ स्टुडियो खाली छैनन्, खचाखच काम भइरहेका छन्, यसमा फरक व्यक्तिहरु जो सानैदेखि रुची गर्नुन्छ एउटा रेकर्डिङसम्म गरौं वा एल्वम गरौं त्यो जमात धेरै छ । जसले व्यावसायिक आशा गरेको हुँदैन ।

स्टुडियो बिजी रहन्छ र निरन्तर लागि पर्ने कलाकारले पनि निरन्तरताको लागि काम गर्छ । संगीत रुचीको विषय हुँदा व्यावसायिकता नहुँदा पनि यो चलिरहन्छ भन्ने मेरो बुझाई हो ।

**सुगम संगीतको क्षेत्रमा आफुलाई कहाँ छु जस्तो लाग्छ ?**

शुरुमा एउटामात्र गीत रेकर्डिङ गर्नु पऱ्यो म चलिहाल्छु भन्ने सोच्थें । तर धेरै दुःख मिहिनेत गरेर यो ठाउँमा पुगेको छु । मिहिनेतको साथमा गीतसंगीत पनि श्रोताले मनपराइदिनु भयो र निरन्तर काम गर्न पाएँ, त्यसैले म एउटा यात्राको राम्रै स्थानमा छु जस्तो लाग्छ । अझ केही गर्न बाँकी छ जस्तो लाग्छ, फरक फरक संगीत प्रस्तुत गरेर ।

**अहिलेको गीतसंगीत क्षणिक चर्चासँगै हराउनुको कारण ?**

अहिले चाहिँ सबैलाई हतार छ छिट्टै गीत रेकर्डिङ गरिहालौं र बजार तताई हालुँ । त्यो त ठीक छ तर कालजयी गीतहरुसँगै चर्चा भए त टिकिन्थ्यो नी त्यसतर्फ ध्यान छैन जस्तो लाग्छ । रचना, संगीत निर्माण गर्न मिहिनेतको कमी पनि हो र क्षणिक हल्ला गर्ने शब्द छनोट, संगीत प्रयोग र शैली सबै कुराले फरक पार्दछ ।

**अन्त्यमा तपाईंका दर्शक श्रोतालाई के भन्न चाहनु हुन्छ ?**

जुन किसिमले माया प्रेम दर्शाउनु भाएको छ आभारी छु । र, फरक काम लिएर तपाईंहरुलाई खुशी राख्ने छु भन्न चाहन्छु र नेपाली गीतसंगीतलाई विशेष माया गर्नुहोला भन्न चाहन्छु ।

## कुलमानको उज्यालो अभियानको कथा बताउने 'बादलहरु'

**काठमाडौं/मस-** उज्यालो नेपालका अभियन्ता नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको जीवनी प्रेरित म्युजिक भिडियो सार्वजनिक गरिएको छ । कुलमान स्वयंको उपस्थितिमा राज के गोस्वामीको स्वर रहेको 'बादलहरु' बोलको गीत सार्वजनिक गरिएको हो । गीतको रचना अभिनेत्री सुरक्षा पन्तले गरेकी हुन् भने संगीत मानव सुवेदीले तयार गरेका हुन् ।

नेपाली टचको प्रस्तुतिको रहेको गीत सार्वजनिक कार्यक्रममा अभिनेता राजेश हमाल, गायकहरु राजेश पायल राई, सुगम पोखरेल, शिव परियार, धर्मेन्द्र सेवानले गायक गोस्वामीलाई शुभकामना दिएका थिए । कार्यक्रममा बोल्दै गायक शिव परियारले आफूले धेरै कुरा बताउने गीत गाए पनि विकासको गीत गाउने संगीत पहिलो पल्ट हेरेको धारणा राखेका थिए । 'म आफैंले पनि जीवनमा धेरै भाव र जीवन अभिव्यक्त गर्ने गीत गाएको छु । तर विकासको पनि गीत हुन सक्नेरहेछ भन्ने कुरा यो गीत हेरेपछि महसुस गरें,' उनको भनाइ थियो ।

गीतको भिडियोले गाउँमा बिजुली ल्याउन संघर्ष गर्ने एक इन्जिनियर र ऊसँग जोडिएका थप दुई पात्रको कथा प्रस्तुत गर्छ । कथामा गाउँमा बिजुली ल्याउन प्रयत्नरत इन्जिनियरको असामयिक निधनपछि गाउँकै घरेलु इन्जिनियरले उसको त्यो अपुरो काम पूरा गरेको देखाइएको छ । सुरक्षा पन्तकै पटकथा रहेको भिडियोलाई मानव सुवेदीले निर्देशन गरेका हुन् ।

अभिनेता राजेश हमालले अष्ट्रेलियामा नियमित कार्यक्रम गर्ने नेपाली टचसँग आफ्नो पुरानो नाता रहेको जानकारी गराउँदै समाज र कलाबीचमा लेनदेनको गज्जबको सम्बन्ध हुने यथार्थ उद्घाटन गरेका थिए । 'कलाले यो समाजबाटै प्रेरणा लिन्छ र समाज प्रेरित यही कथाबाट हामी थप प्रभावित हुन्छौं' हमालको भनाइ थियो, 'कुलमानजीको वास्तविक भिडियोले यो गीत र भिडियो सिर्जना भयो । हामी यो भिडियो हेरेर प्रभावित भयौं ।' उनले भिडियोमा गायनसँगै अभिनयमा पनि डेब्यु गरेका गोस्वामी र सुरक्षा पन्तको पनि अभिनयको प्रशंसा गरेका थिए । गीतकार, लेखक र अभिनय गरी तीन विधामा जोडिएकी सुरक्षा पन्तले गीतको भिडियोले तीन वटा विम्बलाई प्रस्तुत गर्ने जमर्को गरेको जानकारी दिइन् ।

सुरक्षाका अनुसार भिडियोभित्र आफ्नो चरित्रले नेपाल आमाको प्रतिनिधित्व गर्ने र घनु जोशी र राज के गोस्वामीले निर्वाह गरेको चरित्रले नेतृत्व र भविष्यको अर्थ अभिव्यक्त गरेको छ । उनले कुलमान घिसिङले कुनै गाउँमा जनतालाई बिजुलीको महत्व सम्झाउँदै गरेको भिडियोबाट प्रेरित भएर नै भिडियोको खाका बनेको जानकारी गराएकी थिइन् ।

'मैले उहाँको भिडियो हेरेकी थिएँ जहाँ हाम्रो चरित्रले खोजेजस्तै अवरोध उहाँले खप्नु भएको थियो । एक अर्थमा भन्ने हो यो भिडियो उहाँजस्तै कुशल नेतृत्वकर्तालाई ट्रिब्युट हो' सुरक्षाले भनिन् ।

कुलमान घिसिङले आफ्नै पेशालाई केन्द्रमा राखेर बनाएको भिडियो हेर्दा खुसी लागेको बताए । उनले भिडियोमा देखाए जस्तै आफूले बिजुलीको महत्व बुझाउन धेरै संघर्ष गर्नुपरेको स्मरण गर्दै आफू नेपालको कुनाकुनामा बिजुली पुर्याउन दत्तचित्त रहेको बताएका थिए । कुलमानले ९५ प्रतिशत जनताको घर आँगनमा बिजुली पुग्न लागेको पनि जानकारी गराएका थिए ।


**जापानमा रोजगार**

**1. CHIBA CHIIKI KAIHATSU KYODOKUMIAI (CCKK)**
पुर्व स्विकृति मिति: २०७८।६।१२ चलानी नं. ६०१६५७१२ LT No. 245830 पून:बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | सम्वन्धित काममा दक्ष | 190000 | क.नी. अनुसार | ८ घण्टा | ५ दिन | क.नी. अनुसार | छैन | छ | ३ वर्ष |

**2. BI-KE SCAFFOLDING AND TEMPORARY CONSTRUCTION COOPERATIVE UNION**
पुर्व स्विकृति मिति: २०७८।६।१२ चलानी नं. ६०१६५७१३ LT No. 246064 पून:बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 2 | 0 | सम्वन्धित काममा दक्ष | 170200 | क.नी. अनुसार | ८ घण्टा | ५ दिन | क.नी. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा लाग्ने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | प्रवर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने क.नि. अनुसार | नि:शुल्क | नि:शुल्क | रू. ५०,००० |

**अन्तरवार्ता: मिति २०७८ चैत्र ६ गते (20 March 2022) मेनपावर कार्यालयमा हुनेछ ।**

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर: १८ वर्ष देखि ३२ वर्ष ननाघेको हुनुपर्नेछ (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको सहकारी वा सामुदायीक संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने । **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्वन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र ।(ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफे कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजातको प्रतिलिपी
१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रा लिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र २) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च : जम्मा रु ५०,०००।- मात्र ३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान छनौट तरिका: सूचना प्रकाशित भएको मितिले १५ दिन पछि हुनेछ।
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ३०५/०५९/६० **उम्मेद्वार सम्वन्धित काम तथा जापनिज भाषाको ज्ञान भएको हुनुपर्नेछ ।**

HIMALAYAN JOB EXPLORER
**हिमालयन जब एक्स्प्लोरर प्रा. लि.**
पाटन ढोका, ललितपुर, फोन नं: 01-5520080, 5520081 email: info@himalayanjob.com.np



**कतारमा रोजगारको अवसर** | कम्पनी : AL ABJAR FOR CLEANING
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/११/२७ चलानी नं.: ६०१७५८०४ LT. No.: 259359

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 2 | | 1000 | ३३,२५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ५ गते (20 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No. 1191/073/074
**Eurosia Human Resourse Pvt. Ltd.**
Samakhusi- 3, Gongabu, Kathmandu, Nepal, Tel : 01-4380243
Mobile No.: 9851064740, 9851071905, 9851237357
E-mail : eurosiahumanresource@gmail.com, Web : www.eurosiahr.com



**साउदीमा रोजगार** | १. कम्पनी: SPECIALIZED COFFEE ESTABLISHMENT TO SERVE DRINKS
शहर: RIHADH

पूर्व स्वीकृत मिति: २०७८/११/२७ चलानी नं.: ६०१७५७९२ L.T. No.:259375

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 2 | 0 | स. काममा दक्ष | 1500 | ४८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ६ गते (20 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 817/066/067
**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola, Old Baneshwor -9, Kathmandu, Nepal, Tel: 4587837, 4589795
Mob: 9843250196, 9813127393, 9823011813
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com



**कतारमा रोजगारको अवसर** | कम्पनी : RADISSON BLU HOTEL DOHA
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/११/२७ चलानी नं.: ६०१७५८१० L.T. No.: 259273

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६०,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hotel Services | 1 | 1 | | 1400 | ४६,८१० | | | | | | | |
| 3. | Service Employee | 1 | 0 | | 1400 | ४६,८१० | | | | | | | |
| 4. | Cook | 1 | 0 | | 1500 | ५०,१७५ | | | | | | | |
| 5. | Waiter | 1 | 1 | | 1500 | ५०,१७५ | | | | | | | |
| 6. | General Cleaner Worker | 3 | 1 | | 1400 | ४६,८१० | | | | | | | |
| 7. | Physical Trainer | 2 | 0 | | 1500 | ५०,१७५ | | | | | | | |
| 8. | Porter | 1 | 0 | | 1400 | ४६,८१० | | | | | | | |
| 9. | Cashier | 0 | 1 | | 1800 | ६०,२१० | | | | | | | |
| 10. | Clerk | 1 | 0 | | 2100 | ७०,२४५ | | | | | | | |
| 11. | Store Keeper | 1 | 0 | | 1900 | ६३,५५५ | | | | | | | |

**प्रि-अन्तर्वार्ता धमाधम भै रहेको छ । फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत १३ र १४ गते (27 & 28 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

WAHAA MANPOWERS SUPPLIER
Govt Lic No. 469/060/061
**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566
9851049622, 9851071299, 9803100224

# मनाङ दोस्रो पटक खप्तड गोल्डकप च्याम्पियन

**मध्यान्ह संवाददाता**
धनगढी, २८ फागुन




सर्वाधिक धनराशीको पाँचौ मुख्यमन्त्री सुदुरपश्चिम खप्तड गोल्डकप फुटबल प्रतियोगिताको उपाधि मनाङ मर्स्याङ्दी क्लबले जितेको छ । धनगढी रंगशालामा शनिबार भएको फाइनल खेलमा फ्रेन्ड्स क्लबलाई ३-१ गोल अन्तरले हराउँदै मनाङ उपाधि चुम्न सफल भएको हो । योसँगै मनाङले दोस्रो पटक खप्तड गोल्डकपको उपाधि जित्न सफल भएको छ ।

मनाङको जितमा दिनेश राजवंशी र ओलाओल अफिजले एक एक गोल गरे । खेलको १७ औं मिनेटमा फ्रेन्ड्सले पेनाल्टीको अवसर पाएको थियो । जसमा जमोउल फ्रान्स्वाले प्रहार गरेको पेनाल्टीलाई मनाङका गोलकिपर विशाल सुनारले उत्कृष्ट बचाउ गरे ।

२१ मिनेटमा फ्रेन्डसका निसेन सुब्बाले अञ्जन विष्टमाथि फल गरेपनि पाएको फ्रिकिकमा दिनेश राजवंशीले उत्कृष्ट गर्न सफल भए । यो गोलमा फ्रेन्ड्सका गोलकिपर राहुल यादवले सहजै बल नियन्त्रणमा लिने अवस्थामा खुट्टाले क्लियन गर्न खोज्दा गोल हुन पुग्यो । खेलको ५५ औं मिनेटमा फ्रेन्ड्स खेल बराबरी गर्न सफल भए । मनाङका डिफेन्डर फ्रेँङ्किलनले गोलकिपरलाई ब्याक पास गर्दा जमोउल फ्रेन्स्वाले बल भेटेपछि सहज गोल गर्न सफल भए । ७१ औं मिनेटमा मनाङले खेल दुई एकमा पुर्‍यायो । उसका लागि बिमल रानाको पासमा विदेशी खेलाडी अफिज ओलाओलेले गोलकिपर आफ्नो पोजिसनबाट बाहिर आएको मौकाको फाइदा उठाउँदै चिप गरेर गोल गर्न सफल भए ।

तर खेलको ८५ औं मिनेटमा एकैपटक दुई वटा रातो कार्ड दिइयो । जसका कारण दुबै टिम १० खेलाडीमा झर्न पुगे । मनाङका रुपेश केसी र फ्रेन्ड्सका श्याम बाबुले सोझै रातो कार्ड पाए ।

खेलको इन्जुरी समयमा मोउसाले गोल गर्दै मनाङलाई तीन एकको अग्रता दिलाए । काउन्टरमा उनले उत्कृष्ट गोल गर्न सफल भए । तर त्यसपछि दुबै टिमबाट थप गोल हुन सकेन र मनाङ उपाधि चुम्न सफल भयो । उपाधिसँगै मनाङले २१ लाख नगद प्राप्त गरेको छ । उपविजेता बनेको फ्रेन्ड्सले १० लाख नगद प्राप्त गरेको छ । प्रतियोगितामा मनाङ मर्स्याङ्दी क्लबका शिशिर लेखि सर्वोत्कृष्ट खेलाडी चुनिएका छन् । उनले नगद १ लाख प्राप्त गरे । सर्वाधिक गोलकर्ता फ्रेन्ड्सका जमोउल एन्थोनी फ्रान्कोईस चुनिए ।

यस्तै मनाङका मौसा अबागाना उत्कृष्ट मिडफिल्डर, फ्रेन्ड्सका सुरज बिके उत्कृष्ट डिफेन्डर, मनाङका गोलकिपर विशाल सुनार उत्कृष्ट गोलकिपर र मनाङकै राजेन्द्र तामाङ उत्कृष्ट प्रशिक्षक चुनिए । विधागततर्फ उत्कृष्ट हुनेले जनही नगद २५ हजार प्राप्त गरेका छन् । सुदूरपश्चिम-११ स्पोर्टस क्लब धनगढीले आयोजना गरेको प्रतियोगितामा १० टोलीको सहभागिता रहेको थियो ।

झापा गोल्डकप

# उपाधिका लागि झापा-११ र आर्मी भिड्ने



**विराटनगर/मस-** झापा-११ झापा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

शनिबार भएको खेलमा संकटा क्लबलाई २-० ले हराउँदै झापा उपाधि नजिक पुगेको हो । घरेलु टोली झापाको जितमा दुवै गोल विमल घर्तीमगरले गरे । १६औं र ५८औं मिनेटमा गोल गरेका हुन् । म्यान अफ दी म्याच घोषित हुँदै उनले नौ हजार ९९९ रुपैयाँ पुरस्कार पनि पाए ।

योसँगै उपाधिका लागि झापा र त्रिभुवन आर्मी क्लब आमने-सामने हुने पक्का भएको छ । आर्मीले यसअघि नै फाइनलमा स्थान बनाइसकेको छ । प्रतियोगिताको फाइनल खेल आउँदो सोमबार हुनेछ । विजेता टोलीले १२ लाख ५५ हजार र उपविजेताले ६ लाख पाँच हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एकथान मोटरसाइकल पाउनेछन् । उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट प्रशिक्षकलाई २१ हजार रुपैयाँ दिइने आयोजकले जनाएको छ । सर्वाधिक गोलकर्ताले २५ हजार रुपैयाँ पाउनेछन् ।

# व्यास अल्ट्रा म्याराथनको उपाधि वेदबहादुरलाई



तनहुँ/मस- पाँचौं संस्करणको व्यास अल्ट्रा म्याराथनको उपाधि वेदबहादुर सुनुवारले जितेका छन् । शनिबार व्यास नगरपालिकाले आयोजना गरेको म्याराथनको निर्धारित दुरी दुई घण्टा ५८ मिनेट ७ सेकेन्डमा पार गर्दै सुनुवारले उपाधि जितेका हुन् । उनले उपाधिसँगै नगद ८५ हजार ७८ रुपैयाँ प्राप्त गरेका छन् ।

सुनुवारले गत संस्करणमा तेस्रो स्थान हासिल गरेका थिए । सुनवारले तीन घण्टा १० मिनेट ५ सेकेन्डमा दुरी पार गर्दै गत बर्ष तेस्रो स्थान हासिल गरेका थिए । व्यास नगरपालिका-५ मानहुँकोटबाट सुरु भएको म्याराथन दमौली, कलेस्ती, वगुवा, रिस्ती हुँदै व्यास नगरपालिका-८ पुलिमराङ सहिद गाउँमा पुगेर टुंगिएको हो । ४४ किलोमिटर दुरीमा धावकहरू दौडिएका हुन् ।

तीन घण्टा पाँच मिनेट ५१ सेकेन्डमा दुरी पार गर्दै मोहनदेव जोशी दोस्रो भए । नवराज साउदले तीन घण्टा नौ मिनेटमा दुरी पार गर्दै तेस्रो स्थान हासिल गरे । दोस्रो र तेस्रोले क्रमशः नगद ६५ हजार ७८ रुपैयाँ र ५५ हजार ७८ रुपैयाँ प्राप्त गरे ।

सुमन कुलुङ राईले तीन घण्टा १८ मिनेट ५७ सेकेन्ड, गोपाल तामाङले तीन घण्टा २४ मिनेट १५ सेकेन्ड, दुर्गबहादुर बुढाले तीन घण्टा २५ मिनेट १३ सेकेन्डमा, शेरबहादुर थारुले तीन घण्टा २५ मिनेट २६ सेकेन्ड र प्रमिश गुरुङले तीन घण्टा २६ मिनेट १ सेकेन्डमा ४४ किलोमिटर दुरी पार गर्दै सान्त्वना स्थान हासिल गरे । सान्त्वना स्थान हासिल गरेका पाँच जनाले जनही नगद १६ हजार ७८ रुपैयाँ पाएका छन् ।

गत वर्ष चौथो संस्करणको व्यास अल्ट्रा म्याराथनको उपाधि त्रिभुवन आर्मी क्लबका देवराज महताराले तीन घण्टा तीन मिनेट ५१ सेकेन्डमा पार गर्दै जितेका थिए । सुमन कुलङ राईले तीन घण्टा आठ मिनेट एक सेकेन्डमा दुरी पार गर्दै दोस्रो भएका थिए । राई व्यास अल्ट्रा म्याराथनको तेस्रो संस्करणको उपाधि विजेता पनि हुन् । म्याराथनमा विदेशीसहित एक सय ७३ जना धावक दौडिएका थिए । व्यास नगरपालिकाले हरेक बर्ष १६ माघ सहिद दिवसको दिन आयोजना गर्दै आईरहेको व्यास अल्ट्रा म्याराथन कोरोनाको तेस्रो लहरको संक्रमण तीव्र गतिमा फैलिएपछि स्थगित गरेर शनिबार गरेको हो । २४ फागुनमा नारी दिवसमा अवसरमा व्यास नगरपालिको दोस्रो महिला हाफ म्याराथन आयोजना गरेको थियो । कान्छीमाया कोजुले हाफ म्याराथनको उपाधि जितेकी थिइन् ।

बी डिभिजन लिग

# मध्यपुरको पोष्टमा बाँसबारीको आधा दर्जन गोल



**काठमाडौं/मस-** बाँसबारी क्लबले राजधानीमा जारी शहीद स्मारक बी डिभिजन लिग फुटबलमा मध्यपुर युथ एसोसियसनमाथि ६-० को फराकिलो जित निकाल्दा अर्को खेलमा बीरगञ्ज युनाईटेड र रानीपोखरी कर्नर टिम (आरसिटी) ले २-२ गोलको बराबरी खेलेका छन् ।

ललितपुर स्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालयको मैदानमा सम्पन्न दिनको पहिलो खेलमा बाँसबारीले मध्यपुरमाथि आधा दर्जन गोल गरेको हो । एक तर्फी जस्तो भएको खेलमा बाँसबारीले पहिलो हाफमा एक गोल गर्दा दोस्रो हाफमा थप पाँच गोल गर्न सफल भएको थियो ।

बाँसबारीले २३औं मिनेटमा सञ्जय धिमालले गोल गर्दै सुरुआती अग्रता दिलाएका थिए । त्यसपछि ६२औं मिनेटमा दोस्रो गोल गर्दा राजेश पौडेलले ५१औं, ६४औं र ७८औं मिनेटमा गोल गरेर ह्याट्रिक पूरा गरेका थिए । त्यस अघि ७१औं मिनेटमा सुलेमान थापा मगरले गोल गरेका थिए । एकतर्फी जस्तो भएको खेलमा मध्यपुर बाँसबारीविरुद्ध निकै निरिह बनेको थियो ।

जितसँगै बाँसबारीले चार खेलबाट तालिकामा ४ अंक जोड्दा फराकिलो हार भोगेको मध्यपुरको समान चार खेलबाट ३ अंक छ । बाँसबारीले जारी लिगमा पहिलो जित निकाल्दा मध्यपुरले दोस्रो हार भोगेको छ ।

बी डिभिजन लिग अन्तर्गत शनिबार कै अर्को खेलमा बीरगञ्ज युनाईटेड र रानीपोखरी कर्नर टिम (आरसिटी) ले २-२ गोलको बराबरी खेलेका हुन् । बीरगञ्जले पहिलो हाफमा लिएको अग्रतालाई कायम राख्न नसक्दा आरसिटीसँग अंक बाँडेको हो । ३३ औं मिनेटमा विज्ञान चौधरीले गोल गर्दै बीरगञ्जलाई अग्रता दिलाएका थिए ।

तर, ४१ औं मिनेटमा अमर डंगोलले गोल गर्दै आरसिटीलाई १-१ गोलको बराबरीमा फर्काएका थिए । पहिलो हाफको इन्जुरी समयमा बीरगञ्जले कृपाकान्त महतो थारुको गोलबाट पुन अग्रता बनाए पनि ८३ औं मिनेटमा अमरले व्यक्तिगत दोस्रो गोल गर्दै आरसिटीलाई २-२ गोलको बराबरीमा ल्याउदै हारबाट जोगाउन सफल भए । यस बराबरीसँगै आरसिटीले ४ खेलमा ५ अंक जोडेको छ । बीरगञ्जले ४ खेलमा ५ अंक नै जोडेको छ ।

यस्तै तीन खेलबाट तालिकामा शीर्षता कायम गरेको चर्चब्वाईजले शनिबार श्री कुमारी क्लबसँग १-१ गोलको बराबरी खेलेको छ । अघिल्ला तीन खेलमा स्पष्ट जित निकालेको चर्च ब्वाईजले ४७औं मिनेटमा लिएको अग्रता कायम राख्न नसक्दा कुमारीसँग अंक बाँडेको हो । चर्चब्वाईजका लागि आशिष चापागाईले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । त्यसपछि खेलमा फर्किन प्रयास गरेको कुमारीले ५५औं मिनेटमा बराबरी गोल फर्कायो । निर बहादुर आलेले गोल गर्दै टोलीलाई खेलमा फर्काएका थिए । बाँकी सयमा थप गोल हुन सकेन र दुबैले अंक बाँडे ।

# स्क्वासको साधारणसभा सम्पन्न



**काठमाडौं/मस-** नेपाल स्क्वास राकेट्स संघको १३ औँ वार्षिक साधारण सभा शनिवार सम्पन्न भएको छ । स्क्वास राकेट्स संघ अध्यक्ष किशोर महर्जनले कोभिड महामारीका कारण पछिल्ला दुई वर्ष नेपालमा स्क्वासको खासै प्रतियोगिता हुन नसकेको तर आगामी वर्ष स्क्वास सक्रिय हुने भनाइ राखे ।

उनले राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीको प्रशिक्षण सञ्चालन गर्ने मात्र नभई अन्य खेलका खेलाडीलाई पनि स्क्वास खेल्न प्रेरित गर्ने बताए । अध्यक्ष महर्जनले आगामी वर्षको वार्षिक प्रतिवेदन पनि पेश गरे । यसैगरी, कोषाध्यक्ष रुपकदास ताम्राकारले यस आर्थिक वर्षको आयव्यय विवरण र आगामी आर्थिक वर्षको अनुमानित वजेट प्रस्तुत गरे । स्क्वास संघका सल्लाहकार ध्रुवबहादुर गुरुङले नेपालमा यस खेलको राम्रो पूर्वाधार रहेपनि खेलाडी संख्या न्यून भएको हुँदा स्क्वास एकेडेमी स्थापना गरेर स्क्वास खेलाडी उत्पादन गर्नुपर्ने धारणा राखे । राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधि राजेश श्रेष्ठले साधारण सभाको सफलताको कामना व्यक्त गरे ।

# खेल पत्रकार सम्मानित



**काठमाडौं/मस-** बानियाँटार स्थित पारामाउन्ट एकेडेमीले विभिन्न राष्ट्रिय दैनिकका ८ खेल पत्रकारलाई शनिबार सम्मान गरेको छ ।

पारामाउन्टले आफ्नो १७ औं अभिभावक दिवस तथा सांस्कुतिक कार्यक्रममा खेल पत्रकारलाई सम्मान गरेको हो ।

सम्मानित हुने खेल पत्रकारमा द हिमालयन टाइम्सका महेश आचार्य, गोरखापत्र दैनिकका प्रजित शाक्य, नागरिकका अनिल मल्ल ठकुरी, नयाँ पत्रिकाका श्रीलोचन राजोपाध्याय, राइजिङ नेपालका प्रमोद जोशी, नेपाल समाचारपत्रका फिरोज राजोपाध्याय, राजधानीका रामसुदन तिम्सिना र सौर्यका रोशनकुमार सिंह रहेका छन् ।

उनीहरुलाई पारामाउन्ट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगदीश्वरनरसिंह केसी, नेपाल भारोत्तोलन संघका अध्यक्ष राम श्रेष्ठ (बोस), नेपाल गोजुरियो कराते संघ एवं एसियाली गोजुरियो कराते महासंघका महासचिव बिआर मित्र, नेपाल खेलकुद विज्ञान प्रतिष्ठानका पूर्व निर्देशक डा. प्रकाश प्रधान, पारामाउन्टका संस्थापक प्रिन्सिपल मुकुन्दप्रसाद पाण्डे, पारामाउन्टका संस्थापक निर्देशक प्रमोद पाण्डे र पारामाउन्टका खेलकुद विभाग प्रमुख सुमन तिमल्सिनाले नगदसहित प्रशंसा पत्र प्रदान गरी सम्मान गरे ।

सोही अवसरमा राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत प्रचार प्रसार शाखाका प्रशासकीय अधिकृत लोकेन्द्रकुमार बस्नेत पनि नगदसहित प्रशंसा पत्रबाट सम्मानित भए ।

# वडाकप क्रिकेट प्रतियोगिताको उपाधि रुद्रपुरलाई

**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, २८ फागुन



कपिलवस्तुको शिवराज नगरपालिका वडा न ७ को आयोजनामा भएको वडा अध्यक्ष कप क्रिकेट प्रतियोगिताको उपाधि पुस्पाराज क्रिकेट कल्ब रुद्रपुरले हात पारेको छ । शिवराज नगरपालिका ७ को जवाभारीमा शनिबार भएको फाइनल खेलमा सान क्रिकेट कल्बलाई पराजित गर्दै पुष्पाराज क्रिकेट कल्ब रुद्रपुरले जित हात पारेको हो ।

टस जितेर ब्याटिङ गरेको सानले निर्धारित १६ ओभरमा ९ विकेट गुमाएर १४१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । जबाफी ब्याटिङमा उत्रिएको पुस्पाराजले एक बल बाँकी रहँदा ८ विकेट गुमाएर लक्ष्य भेटाएको थियो ।

बलिङतर्फ पुस्पाराजका लागि गंगेस हरिजनले उत्कृष्ट प्रदर्शन गरेका थिए । ४ ओभर बलिङ गरेका हरिजनले ३ विकेट लिएका हुन् । हरिजन अन्तिम खेलको म्यान अफ म्याट बन्न सफल भएका छन् ।

वडा कप विजेता टिमलाई शिवराज नगरपालिका वडा न ७ का वडा अध्यक्ष अनुप कुमार चौधरीले नगदसहित पुरस्कृत गरेका छन् । विजेता पुस्पाराज रुद्रपुरले ट्रफी मेडल र नगद १५ हजार रुपैयाँ हात पारेको छ । उपविजेता सान कल्बले ट्रफी र मेडलसहित नगद १० हजार हात पारेको छ ।

कुल १६ टिमको खेलमा सहभागिता रहेको थियो । खेल पश्चात पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष चौधरीले वडामा क्रिकेटको आकर्षण राम्रो भएकाले प्रतियोगिताको आयोजना गरेको बताए । खेलबाट केही उत्कृष्ट खेलाडीहरु अगाडि आएको बताउँदै उनीहरुलाई प्रोत्साहन गरिने चौधरीको भनाइ छ ।

# बागमती प्रदेश खेलकुद प्रतियोगिता शुरु

**हेटौंडा/मस-** प्रथम बागमती प्रदेश खेलकुद प्रतियोगिता आज उद्घाटन भएको छ । शनिबार भव्य कार्यक्रमको आयोजना गरि बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले प्रतियोगिताको उद्घाटन गरेका हुन् । मुख्यमन्त्री पाण्डेले ओलम्पिक टर्च बालेर ओलम्पियन धावक बैकुण्ठ मानन्धर हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गरेका थिए ।

प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको आयोजनामा भएको प्रतियोगिता प्रतियोगितामा नेपाल आर्मी, नेपाल प्रहरीको व्याण्ड सहितको प्रस्तुती, विद्यार्थीहरुद्वारा ड्रिल प्रदर्शन, अतिसबाजी, मार्सल आर्ट्स डेमो, विभिन्न तामाङ, नेवाः, थारु समुदायले आफ्नो झाँकी तथा खैजेडी र पञ्चेबाजाको साँस्कृतिक कार्यक्रमहरु प्रदर्शन गरिएको थियो ।

हेटौंडाको क्याम्पाचौर रंगशालामा भएको उद्घाटन शत्र बागमती प्रदेश युवा तथा खेलकुद मन्त्री रत्न प्रसाद ढकालको अध्यक्षतामा भएको हो । प्रतियोगिता अन्र्तगत भोलि आईतबार पुरुष तर्फको फुटबल हुनेछ । पहिलो खेल समूह (ख) का चितवन र ललितपुरबीच हुने परिषदले जनाएको छ । खेल नकआउट चरणमा हुनेछ । प्रतियोगितामा ८ वटा खेल हुनेछ ।

# हिमाला र योग्य सम्मानित



**काठमाडौं/मस-** वीरेन्द्र चोकस्थित चन्द्रसूर्य तेक्वान्दो खेलाडीले आफ्ना पदक विजेता खेलाडीलाई शनिबार सम्मान गरेको छ । गत पुसमा बागमती प्रदेश तेक्वान्दो संघले आयोजना गरेको मेयर कप तेक्वान्दो प्रतियोगिताका पदक विजेता खेलाडीलाई सम्मान गरिएको हो ।

उक्त प्रतियोगितामा हिमाला अधिकारी र योग्य राईले स्वर्ण जितेका थिए । कागेश्वरी मनोहरा नगरपालिकाका मेयर कृष्णहरि थापा र काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष अशोक खड्काले उनीहरुलाई प्रशंसा पत्र प्रदान गरी सम्मान गरे । सोही अवसरमा डोजाङका खेलाडीको पेटी परीक्षा पनि सञ्चालन गरिएको थियो । परीक्षामा ४२ खेलाडीको सहभागिता रहेको डोजाङ प्रमुख भीम तुम्बापोले जनाएका छन् ।

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२९ फागुन २०७८, आइतबार
13 March 2022, Sunday


## मुलुकको अर्थतन्त्रको अधिकांश सूचक नकरात्मक

# ७ महिनामा १० खर्ब बढीको व्यापार घाटा

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको आर्थिक तथा वित्तीय अवस्थाको तथ्यांकले मुलुकको अर्थतन्त्रको अधिकांश सुचक नकरात्मक रहेको देखाएको छ। केन्द्रीय बैंकले सार्वजनिक गरेको विवरण अनुसार पछिल्लो ७ महिनामा मुलुकको व्यापार घाटा ३८ दशमलव ४ प्रतिशतले वृद्धि भएको छ। चालु आवको सात महिनामा कुल वस्तु व्यापार घाटा १०१५ अर्ब ८१ करोड पुगेको राष्ट्र बैंकद्वारा सार्वजनिक गरिएको तथ्यांकमा उल्लेख गरिएको छ। तर अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ०.७ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.५ प्रतिशत पुगेको छ भने अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.७ प्रतिशत पुगेको थियो।

समिक्षा अवधिमा विप्रेषण आप्रवाहमा ४.९ प्रतिशतले कमी आएको छ। चालु आवको ७ महिनामा रेमिट्यान्स आप्रवाह ५४० अर्ब १२ करोड पुगेको हो। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १०.९ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भई २,००,१०२ पुगेको छ। तर अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ८५.४ प्रतिशतले घट्न पुगेको थियो।

त्यस्तै, वाार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति ५.९७ प्रतिशत रहेको छ भने आयात ४२.८ प्रतिशतले र निर्यात ८८.३ प्रतिशतले बढेको छ। विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ४.९ प्रतिशत र अमेरिकी डलरमा ५.८ प्रतिशतले घट्दा शोधनान्तर स्थिति २४७ अर्ब ३ करोडले घाटामा रहेको केन्द्रिय बैंकले जनाएको छ। त्यस्तै कुल विदेशी विनिमय सञ्चिति ९ अर्ब ७५ करोड अमेरिकी डलर रहेको केन्द्रीय बैंकद्वारा सार्वजनिक गरिएको तथ्यांकले देखाएको छ।



गत पुस मसान्तसम्ममा विदेशी मुद्राको संचितिले ६ महिना १८ दिनको लागि मात्रै आयात (वस्तु तथा सेवा) धान्न पुग्ने अवस्था रहेकोमा माघ महिनामा केही बढेर ६ महिना २१ दिन (६.७ महिना) आयात धान्न पुग्ने देखिएको हो।

केन्द्रीय बैंकले सार्वजनिक गरेको तथ्यांक अनुसार अहिले नेपालसँग ६.७ महिनाको अयात धान्न पुग्ने विदेशी मुद्रा संचिति अवस्थामा रहेको छ। गत असार मसान्तमा नेपालसँग १३ खर्ब ९९ अर्ब ३ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा संचिति थियो। माघ मसान्तसम्ममा आईपुग्दा यस्तो विदेशी मुद्राको संचिति घटेर ११ खर्ब ७३ अर्ब २ करोड रुपैयाँ बराबर मात्रै छ। गत असार मसान्तको तुलनामा विदेशी मुद्राको संचिति १६.२ प्रतिशतले घट्न पुगेको हो। यस्तै, समिक्षा अवधिमा मुलुकको चालु खाता घाटा बढेर ४ खर्ब १३ अर्ब ८६ करोड रुपैयाँ पुगेको छ। गत पुस मसान्तसम्ममा नेपालको चालु खाता घाटा ३ खर्ब ५४ अर्ब ७ करोड रुपैयाँ रहेकोमा माघ महिनामा मात्रै चालु खाता घाटा ५९ खर्ब ७९ करोड रुपैयाँले बढेको हो।

गत आर्थिक वर्षको तुलनामा चालु आवमा मुद्रास्फिती बढ्न पुगेको छ। गत आर्थिक वर्षको माघ महिनामा २.७० प्रतिशत रहेको मुद्रास्फिती चालु आवको माघ महिनामा ५.९७ प्रतिशत रहेको छ। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.०० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.९६ प्रतिशत पुगेको छ।

राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार २०७७ माघ महिनाको तुलनामा २०७८ माघ महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल, तरकारी र दाल तथा गेडागुडी उपसमूहको मूल्यवृद्धि क्रमशः २०.६८ प्रतिशत, १४.०७ प्रतिशत र ९.३६ प्रतिशत रहेको छ। साथै, गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात, शिक्षा र फर्निसिङ तथा घरायसी सामग्री उपसमूहको मुद्रास्फीति क्रमशः १५.८७ प्रतिशत, ७.८६ प्रतिशत र ५.९२ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा काठमाडौं उपत्यकामा ५.४७ प्रतिशत, तराईमा ६.५० प्रतिशत, पहाडमा ५.३२ प्रतिशत र हिमालमा ५.९७ प्रतिशत मुद्रास्फिती रहेको छ। २०७८ माघ महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १०.३४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.१२ प्रतिशत रहेको थियो। त्यस्तै समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः १२.०९ प्रतिशत, ९.९२ प्रतिशत र ७.०० प्रतिशत रहेको छ। समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि १६.६१ प्रतिशत पुगेको छ।

**प्रस्तुत छ, केन्द्रीय बैंकले सार्वजनिक गरेको पछिल्लो तथ्यांकले अर्थतन्त्रका विभिन्न सुचकहरुमा देखाएको अवस्थाको विषयमा पुर्व गभर्नर चिरन्जीवी नेपालसँग मध्यान्ह राष्ट्रिय दैनिकका सम्वाददाता नारायण अर्यालले गरेको कुराकानीको सम्पादित अंश :**



**चालु आवमा अर्थतन्त्रको मुख्य सुचकहरु नियमित रुपमा नकरात्मक देखिएको छ। यसलाई तपाईंले कसरी हेरिरहनुभएको छ ?**

अर्थतन्त्रको वर्तमान अवस्थालाई संकटउन्मुख नै भन्नुपर्छ। अर्थतन्त्र डरलाग्दो अवस्थामा पुगिराखेको छ।

**राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो तथ्यांकले माघ महिनामा विदेशी मुद्राको सञ्चितीमा न्यून सुधार भएको देखिन्छ। तर अपेक्षित सुधार हुन सकेको छैन्। के विदेशी मुद्राको खर्च गर्ने क्षेत्र भनेको आपुर्ती मात्रै हो की, अन्य क्षेत्रहरु पनि विस्तार भएका छन् ?**

औसतमा हेर्दा त आयात मात्रै हो। विदेशी लगानीकर्ताले नाफा लैजान पाउने विषय पनि कम नै रहेको देखिन्छ। किनकी यस्ता कतिपय क्षेत्रमा हाम्रो मुलुकको कडा प्रावधान रहेको पाइन्छ। पर्यटन क्षेत्रमा सुधार भयो भने विदेशी मुद्राको सञ्चितीमा थोरै सुधार हुने अपेक्षा गर्न सकिन्छ।

**तपाईंले रेमिट्यान्स आप्रवाहमा प्रोत्साहनको कुरा त गर्नुभयो। रेमिट्यान्सको आप्रवाहमा निरन्तर घट्ने कुराको समस्यालाई कसरी केलाउनुभएको छ ?**

पछिल्लो समयमा धेरै नेपालीहरुले हुन्डी र क्रिप्टोमा लगानी गरेको देखिन्छ। हामीले १ प्रतिशत बढी ब्याज दिँदा पनि नआएको अवस्था देखिन्छ।

**पछिल्लो समयमा एउटा विषयले केही बढी चर्चा पाउने गरेको छ, मुलुकको अर्थतन्त्रको सञ्चालन र नियमन गर्ने कुरामा अर्थमन्त्रालयले भन्दा पनि नेपाल राष्ट्र बैंकले नेतृत्वदायी भूमिका खेल्यो भन्ने कुरा सुनिन्छ। तपाईं पुर्व गभर्नर ठाउँबाट हेर्दा के त्यस्तै देख्नुभएको छ ?**

यसमा एउटा विषय स्पष्ट छ, उहाँहरु दुइजनाकै स्कुलिङ एउटै हो। ५/७ महिना अगाडि सम्म एउटै पार्टी थियो। उहाँहरुको विचार सोंच एउटै छ। यो एउटा प्रचार हो। मैले जिम्मेवारीमा हुँदा सकरात्मक कामको धेरै प्रयत्न गरेँ, दुइतिहाईको कम्युनिष्ट पार्टीको सरकार थियो। सकरात्मक कामको जस सरकारले मात्रै गरेको भन्ने प्रचार गरिने गर्दथ्यो। अर्थमन्त्रालय भनेको सुपर रेगुलेटेड बडी हो। समस्या हुँदै हुन्न भन्ने हुँदैन्, यो कुरा संसारमा नै हुन्छ। तर दुई पक्षबीचमा झगडा बनाउनका लागि गरिएका कुराहरु मात्रै हुन्।

**अर्थतन्त्रमा देखिएका समस्या समाधानको लागि विगतमा मुलुकको केन्द्रीय बैंक हाँकेको अनुभवका हिसाबले के सुझाव राख्नुहुन्छ ?**

अहिलेको अवस्थामा सरकार र सम्बन्धित निकायले गर्ने भनेको मुख्य कुरा नियन्त्रण र नियमन गर्ने हो। विदेशी मुद्राको सञ्चितीलाई घट्न नदिने र पुँजीगत खर्चलाई जोड दिनुपर्दछ।

अब विदेशबाट आउनसक्ने ऋण र सहयोगमा आवश्यक पहल गर्ने, हाम्रो ऐन, नियममा भएका अप्ठ्यारा विषयहरुलाई हटाएर पनि विदेशबाट पैसा भित्र्याउने उपायहरु अबलम्बन गर्नु पर्दछ, जसमा बैंक वित्तीय संस्थाहरुलाई पनि विदेशबाट पुँजी ल्याउनको लागि थप प्रोत्साहन गर्नुपर्दछ। नेपाल राष्ट्र बैंकले अति आवश्यक वस्तु बाहेक अन्य वस्तुहरुलाई रोक्नपर्ने हुन्छ। पेट्रोलियम पदार्थको उपभोगमा सरकारले विभिन्न ढंगले प्रकृया अबलम्बन गरेर कटौती गर्नुपर्ने हुन्छ, किनकी भोलीको दिनमा पेट्रोलियम पदार्थको मुल्य अझै थप वृद्धि हुने देखिएको छ। बजारमा वस्तु तथा सेवाको मुल्य असाध्यै बढ्न पुगेको छ, सरकारले त्यसमा प्रभावकारी अनुगमन आवश्यक रहेको देखिन्छ।

राजस्वमार्फत उठेको पैसा खर्च नभएर राष्ट्र बैंकको ढुकुटीमा थन्किएको अवस्था छ, त्यसले गर्दा आर्थिक ऐनमा केही संशोधन गरेर राजस्वलाई खर्च गर्ने आधारहरु तय गर्न सकिन्छ। स्थानीय तहमा जाने पैसालाई बैंक तथा वित्तीय संस्थाले निक्षेपमा गणना गर्न पाउने जस्तै राजस्वमा उठेको पैसालाई क्षेत्रहरु तोकेर निक्षेपमा गणना गर्न पाउने भनेर बैंक तथा वित्तीय संस्थाहरुमा भएको पैसाको अभावलाई हटाउन सकिन्छ। अहिले ठिक समय छ, सरकारको ढुकुटीमा पैसा हुने तर बैंक तथा वित्तीय संस्थामा पैसा नहुने अवस्था भन्ने अवस्था हुनुहुँदैन् यस्तो समस्या विश्वमा नेपालमा मात्रै हो। यो दशकौंदेखिको रोग हो। जसलाई हटाउने सही समय हो यो।

रेमिट्यान्स ल्याउने मान्छेहरुलाई नीतिगत रुपमा नै परिवर्तन गरेर प्रोत्साहन गर्न पनि जरुरी छ, जसले गर्दा रेमिट्यान्स बापत नेपाल आउने पैसा उतै रहने अवस्था नबनोस।



के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ